# प्रेतात्माशास्त्र

## धार्मिक क्षेत्र

आश्चर्य छ कि कतिजनालाई यो सानो गीत थाहा छ, जस्तो कि म तपाईलाई न्यानो इसाई संगतिको अभिवादन गर्दछु र आज ख्रीष्टको प्रेम, कतिजनालाई यो सानो गीत थाहा छ, "उहाँले तिम्रो वास्ता गर्नुहुन्छ"? तपाईलाई थाहा छ? ठिक छ, हेरौ यदि हामीले यो पाउछौ। तपाईलाई थाहा छ, बहिनी? तपाईलाई थाहा छ? अब:

उहाँले तपाईको वास्ता गर्नुहुन्छ,
उहाँले तपाईको वास्ता गर्नुहुन्छ;
घाम वा छायाबाट भएर,
उहाँले तपाईको वास्ता गर्नुहुन्छ।

ओ, त्यो ठिकै छ। अब फेरी प्रयास गरौ।

उहाँले तपाईको वास्ता गर्नुहुन्छ,
उहाँले तपाईको वास्ता गर्नुहुन्छ;
घाम वा छायाबाट भएर,
उहाँले तपाईको वास्ता गर्नुहुन्छ।

[टेपमा रिक्त स्थान—सम्पा।]

2 हाम्रो स्वर्गीय पिता, हामी तपाईलाई धन्यवाद दिन्छौ कि तपाईले हाम्रो ख्याल राख्नुहुन्छ र हामी प्रति तपाईको प्रेम प्रकट गर्नुभयो, यतिसम्म कि तपाईले आफ्नो प्रिय पुत्रलाई पठाउनुभयो,...परमेश्वरको निर्दोष पुत्र, दोषी पापीहरुको स्थान लिनको निम्ति। हामी तपाईलाई कति धन्यवाद दिन्छौ, कि तपाईले हाम्रो ख्याल राख्नुभयो र हामीलाई याद गर्नुभयो, यो गर्नको लागि! र हामी धेरै कदर गर्छौं, प्रभु। हामी यहाँ यस दिउसोमा भेला हुन पाउँदा खुसी छौ, आकाशको चन्द्रमा मुनि, र यस सेवामा तपाईको आशिष माग्दछौ। प्रदान गर्नुहोस्, प्रभु, कि यहाँ भएका हरेक पुरुष, महिला, केटा वा केटिले, अब धर्मशास्त्रको गहिराईमा अध्ययन गर्न सकून्। हामीले शैतानको नियन्त्रणमा रहेको संसारको सामना गरिरहेका छौ। र, पिता, हामी प्रार्थना गर्छौं, जसै हामीले दुष्टको शक्ति र तिनीहरुले मानिसहरुलाई

के गर्छन् अध्ययन गर्छौ, कि तपाईले हामीलाई ठूलो विश्वास दिनुहुनेछ, र धेरै महान् चिन्हहरु र आश्चर्यका कामहरु भएको होस्। किनकि, हामी यो ख्रीष्टको नाउमा र परमेश्वरको महिमाको लागि माग्दछौ। आमेन।

3 हामीहरु, यस दिउसोको एउटा अध्ययनमा छौ, यसमा चाडो, मलाई लाग्छ, लगभग पन्ध्र मिनेट चाडो। यो अझै पनि *प्रेतात्माशास्त्र* छ।

4 र अब मैले भर्खरै एउटा सन्देश पाएँ, केहि समय अगाडि; भाई बिलर, मेरा साथीहरुबाट। र म अफ्रिकामा शुरू गर्छु, जुलाईको मध्यमा। त्यसैले त्यसले यसलाई मिलाउछ, हामीले यसलाई अहिले ठिक गरेका छौ। र भाई ब्याक्सटर त्यो समयमा जान सक्नुहुन्न, त्यसैले म एक्लै अफ्रिका जानुपर्छ। त्यसैले त्यहाँ जाँदै...हुनसकोस्...तपाईले मेरो निम्ति अहिले प्रार्थना गर्नुपर्दछ, कि प्रभुले मलाई सहायता गर्नुहुनेछ, किनकि मलाई वास्तवमै यसको आवश्यकता पर्नेछ, त्यहाँ बीचमा...म त्यो सभामा कम्तिमा दुई लाख मानिसहरु आउने अपेक्षा गरिरहेको छु।

5 र मैले यहाँ एउटा दर्शन लेखेको छु। तपाई मानिसहरुले यसको लाभ पाएको म चाहन्छु। यो डिसेम्बरमा भयो। एक बिहान म कोठामा थिए जब प्रभुको स्वर्गदूत भित्र आउनुभयो। म...तपाई देख्नुहुन्छ, जब म त्यहाँ थिए, मैले परमेश्वरको अनाज्ञाकारिता गरे, र मैले अमेबालाई उठाए। कुनै पनि मानिसलाई थाहा छ—थाहा छ अमेबा के हो, एउटा परजीवी जसले... लगभग तपाईलाई मार्छ। र किनभने मैले परमेश्वरले मलाई नगर्नको लागि भन्नुभएको कुरा गरे। कतिजनाले यसको कथा सुन्नुभएको छ? मलाई लाग्छ तपाईहरु मध्ये कोहि यहाँ हुनुहुन्छ। मलाई थाहा छ कि मण्डली वरपरका मानिसहरुले घटनाको कथा सुनेका थिए। परमेश्वरले मलाई एउटा ठाउँमा जान भन्नुभयो, र *यो* ठाउँबाट टाढा बस्न, र फर्केर अर्को ठाउँमा जान भन्नुभयो। र मैले प्रचारकहरुलाई यसबाट बाहिर बोल्न दिए। अब, प्रचारकहरु अद्भूत छन्, र तिनीहरु मेरा दाजुभाईहरु हुन्, तर परमेश्वरले तपाईलाई के भन्नुहुन्छ त्यसमा ध्यान दिनुहोस्। त्यो सहि हो। देख्नुभयो? तपाईसंग एउटा मिसन छ।

6 कतिजनालाई याद छ कि एक समय बाइबलमा दुईटा अगमवक्ताहरु थिए? र ती मध्ये एकजना, प्रभुले उनलाई भन्नुभयो, "तिमी एउटा *निश्चित* ठाउमा जाउ। र तपाई—तपाई नआउनुहोस्...तपाई फर्केर अर्को बाटो जानुहोस्," र त्यस्तै। र—र भन्यो, "तिमी त्यहाँ हुँदा नखान र न पिउन।"

7 र अर्को साँचो अगमवक्ताले उनलाई भेटे, र भने, "परमप्रभुले तिमीलाई भेटे पछि मलाई भेट्नुभयो।" र भनिन्, "मेरो घरको छेउमा आऊ।" र अर्को अगमवक्ताले भनेका कुरा सुने, र त्यसैद्वारा आफ्नो जीवन गुमाए। बुझ्नुभयो, अरुले जे सुकै भनोस् त्यसको वास्ता नगरी परमेश्वरले के गर्न भन्नुहुन्छ तपाईले त्यो गर्नुहुन्छ।

8 अब हामीहरु...यस दर्शनमा, उहाँ...यसले मलाई उठाउनुभयो, सेप्टेम– तेह्रौँ...या डिसेम्बरको। र—र जसै म मेरो पलंगको छेउमा बसिरहेको थिए, म सोचिरहेको थिए कि मेरो भविष्य के हुनेछ भनि। म... जब म यहाँ फर्केर आउछु, तिनीहरु मलाई कीटघरमा फाल्न तयार थिए, मलाई परजीवीले भर्खरै लगेको थियो। र तिनीहरुले मलाई जाँच गरे जब मैले यो देशलाई प्रहार गरे। र, परमेश्वरको अनुग्रहले, तिनीहरुले मलाई घर जान दिए, किनभने यो एकदमै छरिएको छ। र मैले प्रार्थना गरे, र म ती सेवकहरुकहाँ गए, मैले भने, "परमप्रभुले मलाई त्यो बाटो नजान भन्नुभएको छ।"

भन्यो, "ओ, परमेश्वर तपाई बाहेक अरु कसैसंग कुरा गर्नुहोस्।"

9 मैले भने, "एक पटक कोरहलाई यस्तो विचार थियो।" र त्यसैले, तर म गए र केहि पातहरु ल्याए र त्यसलाई तिनीहरुको खुट्टामा राखे, र मैले भने, "परमप्रभुको नाउँमा, याद गर, यदि हामीले त्यो यात्रा त्यहाँ लियौ भने, यो असफल हुनेछ, र हामी सबैले यसको लागि तिर्नुपर्नेछ।" र हामीले पक्कै गर्यौं! ओ, मेरो! हामी सबै मर्न मन पराउछौ। त्यसैले फर्केर आउदै...

10 ती विदेशी देशहरुमा तपाईसंग धेरै विवादहरु छन्। उदाहरणको लागि, एउटा सानो पिसाराले तपाईलाई टोक्छ, यसले तपाईलाई टिक ज्वरो ल्याउनेछ। र त्यो सानो कुरा, जब यसले तपाईलाई टोक्छ, यदि तपाई आफैलाई चिलाउने महसूस गर्नुहुन्छ भने, तपाईले यसलाई खन्याउन सक्नुहुन्न। तपाई हेर्नुहोस्, यदि यो सानो कालो साथी हो भने, यसलाई तान्नुहोस्। यसको सानो टाउको छ, यसले छालामा आफ्नो बाटो बेर्छ, *यसरी* घुम्छ र आफैलाई बाँध्छ। यदि तपाईले यसलाई तान्नुहुन्छ भने, तपाईले टाउकोलाई त्यहाँ तान्नुहुनेछ। यसमा एउटा भाइरस छ, जसले तपाईलाई पक्षघात पार्नेछ। त्यसैले उसले...त्यसलाई नखोल्नुहोस्, वा त्यसलाई तान्नुहोस्; केवल केहि अग्लो तल्लो लिनुहोस्। र उसले आफ्नो

ढाँडबाट श्वास फेर्छ। त्यसमा अग्लो छाल खस्छ, र ऊ आउछ।

11 त्यसपछि त्यहाँ एउटा सानो लामखुट्टे छ। उसले अलिकति पनि आवाज निकाल्दैन। उहाँ ठिक हावाबाट आउनुहुन्छ, उहाँले केवल [भाई ब्रन्हामले उहाँको हात थप्पड हाल्नुहुन्छ—सम्पा।] तपाईलाई छुनुहुन्छ, त्यहि नै हो, तपाईलाई औलो भयो।

12 र—र त्यसपछि त्यहाँ छ जसलाई तिनीहरुले माम्बा सर्प भन्छन्। यदि उसले तपाईलाई हान्यो भने, उसले तपाईलाई हिर्काएको दुई मिनेट पछि मात्रै तपाई जिउनुहुन्छ।

13 र त्यहाँ एउटा पहेलो कोब्रा छ। उसले टोकेको पन्ध्र मिनेट पछि तपाई जिउनुहुन्छ। र ती मध्ये एकजना मेरो छोराको यति नजिक थियो, जत्ति उसले आफ्नो हात उसको टाउकोमा राखेको थियो। पहिले नै माथि, प्रहार गर्नको लागि, हामीले प्रहार गर्नुभन्दा अगाडि, त्यसरी।

14 र त्यहाँ कालो कोब्रा छ। ओ, त्यहाँ केवल सबै कुरा छ! र त्यसपछि जनावरहरुको जंगली खतराहरु, पक्कै पनि, सिंह, बाघ, वा चितुवा, र अरु सबैकुरा संग लड्नको लागि, जंगलमा। र त्यसपछि रोगहरु, त्यहाँ केवल सबै प्रकारका रोगहरु छन्।

15 र तपाई जानुहुँदा तपाईले ती सबै सामना गर्नुपर्नेछ। त्यो बाहेक, तब यहाँ बोक्सीको डाक्टर छ जसले तपाईलाई हरेक हातमा चुनौती दिन्छ, हेर्नुहोस्, र तिनीहरुको सबै अन्धविश्वास र कुराहरु। तर, कसरी, हाम्रा प्रभुले यसलाई टाढाबाट अर्को छेउमा, त्यसरी, त्यसरी, हल्लाउनुभएको देख्नु कति अद्भूत कुरा हो।

र त्यो दिन म सम्झन्छु, त्यहाँ उभिएर, कति राम्रो, के भयो, म तपाईलाई कुनै समय अर्को सभामा भन्नेछु, किनकि म आज दिउसो मेरो विषयमा, *प्रेतात्माशास्त्र* विषयमा जान चाहन्छु।

16 तर अब, र म यसको बारेमा सोचिरहेको थिए, त्यहाँ बसेर, अन्त्य के हुनेछ? र समुन्द्र पारी फर्केर आउदै गर्दा, मलाई थाहा छ कि हामी त्यहाँ हुँदा लगभग एक लाख रूपान्तरण भयौ। र बुढो भाई बोस्वोर्थ मकहाँ आउनुभयो। भन्यो, मैले भने, “ठिक छ, भाई बोस्वोर्थ?”

17 उहाँले भन्नुभयो, “म तपाईमा गर्व गर्छु, भाई ब्रन्हाम!” उहाँले भन्नुभयो, “तपाई केवल—तपाई जीवनको शुरूवातमा मात्र हुनुहुन्छ,” र उसले भन्यो।

18 मैले भने, “ठिक छ, मलाई लाग्छ यो सबै सकिएको छ।” मैले भने, “म चालिस वर्ष नाघेको छु। मलाई लाग्छ मैले राम्रो लडाई लडे र पाठ्यक्रम पूरा गरे।”

19 उसले भन्यो, “‘गत चालिस वर्षको उमेर’?” भनिन्, “म परिवर्तन हुनुभन्दा अगाडि म त्यति वृद्धा थिए।” भन्यो, “म अझै पनि राम्ररी जाँदैछु।” उनी आफ्नो अस्सीमा पुग्ने लगभग नजिक थिए। र केवल...

मैले सोचे, “ठिक छ, शायद त्यो लगभग सहि हो।”

20 त्यसैले उसले भन्यो, “होइन, तिमी केवल एउटा नयाँ ब्रन्हाम हौ अहिले। तपाईलाई केवल तपाईको सभाहरु र सबैकुरालाई राम्ररी नियन्त्रण गर्ने तरिका थाहा छ।” भन्यो, “यदि तपाईले कहिल्यै अमेरिकालाई त्यसको सहि तरिकामा प्रहार गर्नुभयो भने, सहि व्यवस्था मिलाएर, जहाँ तपाई एउटा ठाउँमा छ वा आठ हप्ता बस्न सक्नुहुन्छ, र यसलाई स्थापित गराउछ र वरपर प्रचार गर्छ,” भन्यो, “तपाईले केहि गर्नुहुनेछ, तर, र हाम्रो प्रभुको लागि।” त्यसैले हामी अगाडि बढ्यौ, त्यसरी नै, त्यसैले यो एकदम—धेरै राम्रो थियो।

21 त्यसपछि केहि समय पछि, मैले एउटा दर्शन देखे, जब म अमेरिकामा थिए, र यो मकहाँ आयो, र मलाई अफ्रिकामा फर्काएर ल्यायो, र यसले मलाई त्यहि सभा देखाएको थियो, त्यहाँ डरबनको अगाडि बसिरहेको। र पहिलो सभा इतिहासमा हराएर पश्चिमतर्फ गयो। दोस्रो सभा उठ्यो र, जब यो भयो, यो अझै पनि पहिलो सभा भन्दा ठूलो थियो। र उहाँ...मैले एउटा चिच्याएको सुने, र स्वर्गबाट एउटा स्वर्गदूत आउदै थियो; उनीसंग ठूलो ज्योति थियो।

22 र प्रभुको स्वर्गदूत जो हाम्रो छेउमा यहाँ खडा हुनुहुन्छ, खडा हुनुहुन्थ्यो–...सधै मेरो दाहिने तर्फ उभिनुहुन्छ, *यस* तर्फ। र यो त्यहाँ उभिरहेको थियो, र यो—यो वरपर घुमिरहेको थियो। र मैले यो मानिस उहाँको मुनि उभिरहेको देखे। उहाँ—उहाँ हुनुहुन्न...अब, त्यो दर्शन होइन जब तपाईले उहाँलाई देख्नुहुन्छ। यो उत्तिकै वास्तविक छ जत्ति तपाईले मलाई हेर्दै हुनुहुन्छ। किन, तपाईले उहाँ हिडेको र तपाईसंग बोलेको सुन्न सक्नुहुन्छ। र जब उहाँ...कुनै पनि कुरा, यो उत्तिकै वास्तविक हुन्छ। र यो एउटा दर्शन होइन; मानिस त्यहाँ तपाई जस्तो उस्तै उभिरहेको छ। र उहाँको आवाज मेरो वा तपाईको आवाज जस्तै नै छ। तर एउटा दर्शन,

केहि कुरा जुन तपाईको अगाडि टुट्छ र तपाईले देख्नुहुन्छ, त्यस्तै। तर यो मानिस केवल हिड्छ र त्यहाँ उभिन्छ।

23 त्यसैले उहाँले मलाई भन्नुभयो कि...के हुन जानेछ। र उहाँले भन्नुभयो कि...यो स्वर्गदूत तल आउनुभयो, र उहाँले मलाई फर्केर *यो* तर्फ हेर्न भन्नुभयो। र यसले भारततिर हेर्यो, अहिले। म यो भारतमा छ भनि भन्दिन, तर यो नजिकै छ। तर तिनीहरु भारतीय मानिसहरु थिए।

24 किनभने, अफ्रिकीहरु ठूला, स्थूल, भारी बोसो भएका मानिसहरु हुन्। ती मध्ये केहि लगभग सात फिट अग्लो, र तौल, ओ, दुई सय अस्सी, तिन सय पाउण्ड, गाढा हुन्छ। जुलुस, अब, शंगान र बासुतो, र, ओ, त्यहाँ धेरै फरक जातिहरु छन्। त्यहाँ त्यस दिन पन्ध्र वटा विभिन्न जातिहरु बसिरहनुभएको छ, म बोल्दै थिए।

25 म एउटा शब्द भन्न चाहन्छु, जस्तो, "येशू ख्रीष्ट, परमेश्वरको पुत्र।" सबै अनुवादकहरुबाट जानुभन्दा पहिले म एउटा पानी पिउन जान्थे। एउटाले भन्नेछ...र सबै आवाजहरु!

म सोच्ने गर्थे, जब मैले पेन्टिकोष्टल मानिसहरुले अन्यभाषामा बोलेको सुने, कि हुनसक्छ एकजना एक किसिमको आवाजमा बोलिरहेको हुनसक्छ र अर्कोले अर्को खालको आवाजमा बोलिरहेको हुनसक्छ, कसरी त्यो संसारमा हुनसक्छ? तर म विश्वास गर्छु कि बाइबल सहि छ, र मलाई थाहा छ यो हो, जब यसले भन्छ, "त्यहाँ कुनै महत्व बिनाको आवाज छैन।" त्यो सहि हो।

तिनीहरु मध्ये केहिले भन्नेछन्, तिनीहरु मध्ये एक जान्छ, "ब्लर्र ब्लर ब्लर ब्लर," जसको अर्थ "येशू ख्रीष्ट, परमेश्वरको पुत्र।" अर्को एउटा जान्छ, "क्लक क्लक क्लक क्लक," जुन उहाँको भाषामा "येशू ख्रीष्ट, परमेश्वरको पुत्र," थियो। त्यसैले चाहे त्यो जस्तो सुकै आवाज किन नहोस्, त्यसको कुनै न कुनै अर्थ छ। त्यो सहि हो। चाहे त्यो जस्तो सुकै खालको आवाज किन नहोस्, यसले कहिँ कसैको लागि केहि अर्थ राख्छ। र जब उहाँ हुनुहुन्थ्यो... तिनीहरुले त्यो दिने थिए।

26 र मैले त्यो मेरो देब्रे पट्टि ध्यान दिए, जब त्यो स्वर्गदूत तल आयो र मैले त्यहाँ एउटा झुण्ड जस्तो देखे, र तिनीहरु मानिस थिए...जस्तो देखिन्थ्यो तिनीहरुको वरपर एउटा—एउटा पाना थियो, *यसरी*, र बेरिएको र बाँधिएको थियो, एउटा सानो बच्चाको वरपर जस्तै, रुमाल। र यो थियो। र

मैले देख्न सक्नेसम्म मात्रै देख्न सक्थे, त्यो अरु केहि थिएन तर मानिसहरु थिए। र त्यसपछि यो स्वर्गदूतले एउटा ठूलो दोहोरिने बत्ति बाल्यो, र *त्यसरी*, अगाडि र पछाडि डुल्न थाल्यो। र मैले मेरो जीवनमा यति धेरै मानिसहरु कहिल्यै देखेको छैन!

27 र त्यसपछि यो अर्को स्वर्गदूत मेरो वास्तवमै नजिक आयो, र उहाँले भन्नुभयो, "त्यहाँ तीस लाख सभामा छन्।" र मैले यो यहाँ लेखेको छु। र तपाईले यसलाई कुनै खालको कागजको टुक्रामा लेख्नुहुन्छ, जस्तो कि मैले त्यो सानो केटा फिनल्याण्डमा पुनरुत्थान भएको बारेमा भनेको थिए। तपाईले त्यो तपाईको बाइबलको फ्लाईपमा वा कहिँ लेख्नुहोस्, कि यस सभामा (त्यहाँ एउटा सभा हुन जाँदैछ। र तपाईले यो कुनै आउटलेटबाट सुन्नुहुनेछ।) त्यस सभामा तिन लाख मानिसहरु उपस्थित थिए। अब, हेर्नुहोस् यदि त्यो सहि होइन भने। त्यो अर्को आकारको भन्दा तिन गुणा हुनेछ। देख्नुभयो? सभामा तिन लाख मानिसहरु उपस्थित हुनेछन्। र त्यहाँ पुग्न पाउँदा म यति खुसी छु, मलाई थाहा छैन के गर्ने, किनकि मलाई हाम्रो प्रभुमा प्राणहरु जित्न मन पर्छ।

28 र त्यहाँ, एक पटक, तिस हजार कच्चा—जातिहरु येशू ख्रीष्टमा आएको देखेर एउटा वेदीको बोलावटमा, तिस हजार कच्चा जातिहरु।

29 अब चाडो हाम्रो बिषयमा जाऔं। हिजो हामीले दुष्टको प्रविधिको अध्ययन गर्यौं। मैले आज सोचिरहेको छु, जसरी परमेश्वरले व्यवहार गर्दै हुनुहुन्छ। तपाईलाई थाहा छैन बाहिर निस्कनु कस्तो स्वतन्त्रता हो भनि। अब, म एउटा शिक्षक होइन। म एउटा—एउटा बाइबल व्याख्याकर्ता हुनबाट धेरै टाढा छु। र म...मेरो शिक्षा सात कक्षासम्म सीमित छ। त्यसैले त्यो...र, त्यो, म विद्यालयबाट लगभग पच्चीस वर्ष अगाडि आएको थिए, त्यसैले त्यो लामो समयको बिदा हो। र मसंग धेरै शिक्षा छैन, तर सबै मलाई थाहा छ त्यो हो जुन मैले प्रेरणाबाट प्राप्त गर्छु। र यदि त्यो प्रेरणालाई बाइबलसंग तुलना गर्दैन भने, त्यो गलत हो। देख्नुभयो? यो बाइबल हुनुपर्छ। चाहे त्यो जस्तो सुकै प्रेरणा किन नहोस्, यो आउनै पर्छ...*यहाँ* परमेश्वरको जग छ। यो बाहेक अरु कुनै जग बसालिएको छैन। र यो के हो, यदि मैले भनेको कुरा यसको विपरित हो भने, तपाईले मेरा वचनहरु झुटो हुन दिनुहोस्, किनभने यो सत्य हो। देख्नुभयो? देख्नुभयो? र यदि स्वर्गदूतले तपाईलाई यो भन्दा फरक कुरा बतायो भने, पावलले भने, "त्यो

तिम्रो निम्ति श्राप होस्,” यहाँसम्म कि ज्योतिको एउटा स्वर्गदूत पनि। अब, त्यहाँ धेरै महान कुराहरु छन्। म मात्र...एउटा मात्रै...मैले दुई दिन चुने, किनकि यो विषय मानिसहरुमा जान्नको लागि, जुन हिजो र आज थियो, दिउसोको सभाको।

30 अब, मैले यो गर्नुको कारण, परमेश्वरले मलाई मद्दत गर्नुहुन्छ भनि हेर्नको लागि आफैलाई थोरै प्रयास गर्नु हो। त्यहाँ मेरो मुटुमा केहि छ। र यो, कि, यस महान् संदेश पछि, र मैले सत्य हो भनि भनेको कुरा परमेश्वर आफैले पुष्टि गरिसकेपछि, उहाँको वचनमा; उहाँको वचनद्वारा, पहिलो, र त्यसपछि चिन्हहरु र आश्चर्यका कामहरुद्वारा। अब, मलाई लाग्छ, मण्डलीमा सुसमाचारको सत्यता सहित, म परमेश्वरको दायित्वमा छु, यो मण्डलीमा ल्याउनको लागि। त्यो सहि हो। तिनीहरु यति धेरै अलग भएका छन्, धेरै फरक संस्थाहरुमा र यसको साम्प्रदायिक भागहरु, जबसम्म त्यो गलत छ। हामीहरु सबै परमेश्वरको सन्तान हौ जब हामी नयाँ गरी जन्मन्छौ, त्यो, बुझ्नुभयो। र कुराको सत्यता यो हो कि हामी उहाँका छोराछोरीहरु हौ भनि, हामीले यो जानेको परमेश्वर चाहनुहुन्छ।

31 अब, याद गर्नुहोस्, सोलोमनको मन्दिर संसारभरि काटिएको थियो। र यहाँ आउछ एउटा चट्टान *यस* तर्फी बड्यो, र एउटा चट्टान *त्यो* तर्फी बड्यो, र अर्कोले *यो* बाटो काट्यो, र अर्कोले *त्यो* बाटो काट्यो, तर, जब यो संगै आयो, त्यहाँ एउटा करिको आवाज थिएन, न त एउटा हतौडाको आवाज, सबै कुरा ठिक आफ्नो ठाउमा गयो। परमेश्वर त्यसको लागि प्रशिक्षक हुनुहुन्थ्यो।

32 परमेश्वरको एउटा मण्डली छ जसलाई सम्मेलन भनिन्छ, र एउटा परमेश्वरको मण्डली, र एउटा *यो*, र एउटा *त्यो।* र, तर जब तिनीहरु सबै एकसाथ आउँछन्, तिनीहरु भातृ प्रेमको एउटा ठूलो समूह हुनेछन्, र परमेश्वरले राख्नुहुनेछ, त्यस मण्डलीलाई संगै भेला पार्नुहोस् र उनलाई माथि आकाशमा लैजानुहोस्।

33 हरेक प्रख्यात तस्बिर, त्यो कलाको हलमा झुण्डाउनुभन्दा पहिले, यसलाई झुण्डाईनु पर्दछ, पहिले आलोचकहरुको हलबाट जानुपर्छ। त्यो मानिस जसले चित्र बनाएको छ...?..., वा, मलाई माफ गर्नुहोस्, मैले उहाको नाम बोलाउन सक्दिन, अन्तिम भोज रंगाउनुभयो, जे होस्, यसले उनको जीवनभरको मूल्य चुकायो। उनले त्यो तस्बिर कोरेका थिए। यो

लगभग बिस वर्ष थियो, वा दस वर्ष थियो, म विश्वास गर्छु, ख्रीष्ट र यहूदाको चित्र बनाउने बीचमा। र के तपाईले बुझ्नुभयो, त्यो प्रख्यात तस्बिरमा, कि त्यहि मानिसले ख्रीष्टको लागि, दस वर्ष पछि यहूदाको लागि पोज बनाए? त्यो सहि हो। उहाँले गर्नुभयो। पापको दस वर्ष, एउटा महान ओपेरा गायकबाट, ख्रीष्टको स्थान लिनको लागि, यहूदाको ठाउँमा आउनुहोस्। तपाईले दस वर्ष लिनुपर्दैन। यसले दस मिनेट लिन्छ, तपाईलाई पनि त्यस्तै गर्नेछ। यसले तपाईको चरित्रलाई पापमा परिवर्तन गर्नेछ। तर, जे भए पनि, त्यो तस्बिर सबै आलोचकहरुबाट भएर गयो।

34 र त्यहि नै परमेश्वरको मण्डलीको बारेमा सोच्दछु, त्यो समूह जुन बोलाइएको छ। ठिक छ, मैले कुनै स्ल्यामबाट यो भन्न खोजेको होइन। मैले सात समुन्द्रको यात्रा गरेको छु, र म संसारको मेरो तेस्रो यात्रामा छु, र मानिसहरुले भन्छन्, “होली–रोलर! होली–रोलर!” र मैले संसारलाई खोजेको छु, र मैले कहिल्यै पनि पवित्र–भनाउदो भेट्टाएको छैन। त्यो एउटा नाम हो जुन शैतानले मानिसहरुमा राखेको छ। त्यहि नै हो। त्यहाँ पवित्र–भनाउदा कुनै पनि कुरा छैन। र मसंग हरेक छ सय अट्ठसट्ठवटा मण्डलीहरुको तथ्याङ्क छ जुन त्यहाँ छ, र संगठित संसारमा, त्यहाँ पवित्र रोलर्स भनिने कोहि पनि छैन। र त्यो सरकारबाट हो। त्यहाँ एउटा पनि पवित्र रोलर मण्डली छैन जुन मैले चिनेको छु। त्यसैले, शैतानले बोलाएको केहि थियो। तर, अब, यी सबैमा, यी सबै कुराहरुमा, परमेश्वरले एउटा तस्बिर कोर्नुभएको छ। र एक समय यी साना पुराना मण्डलीहरु यहाँ हुने गर्थे, तपाईहरु मध्ये केहि...

35 म यी खैरो टाउको भएका मानिसहरुलाई हेर्छु। मेरो केटा, हिजो; म कोठामा थिए, अध्ययन गर्दै थिए, र एउटा सेवक आयो र भन्यो, “तपाईको बुवासंग हात मिलाउन मन लाग्यो।” निस्सन्देह, मेरो केटा भाई ब्याक्सटर र तिनीहरुसंग हुर्केको छ, जसले केवल, “होइन,” त्यहि नै हो, छिट्टै। मलाई त्यो मन पर्दैन। देख्नुभयो? चाहे म...अवश्य, म मानिस र परमेश्वरको पनि, दास हुन सक्दिन। तर मलाई लाग्छ मलाई मेरा दाजुभाईहरुसंग हात मिलाउन मन पर्छ। मलाई त्यो गर्न मन पर्छ। त्यहाँ यसको बारेमा केहि छ, मलाई एउटा—एउटा सेवकसंग हात मिलाउन मन पर्छ। एउटा सेवक मात्रै होइन, तर परमेश्वरको कुनै पनि बच्चा, मलाई यो गर्न मन पर्छ। मेरी श्रीमतीले मलाई केहि समय पछि नभनेसम्म मलाई यसको बारेमा थाहा थिएन। ठिक छ, यदि उहाँले त्यो सेवकलाई भन्न सक्नुहुन्थ्यो भने, “केवल एक मिनेट,

उहाँ त्यहाँ प्रार्थनामा हुनुहुन्छ, र—र उहाँले के भन्नुहुन्छ म हेर्छु।” ठिक छ, त्यो, त्यो राम्रो हुनेथियो। त्यसैले म उसलाई त्यसमा थोरै सच्याउदछु, त्यसो गर्नको लागि होइन। देख्नुभयो?

36 र त्यसैले यो सत्य हो, तपाई ठिक बाहिर हुनसक्नुहुन्न, जस्तो कि भाईले केहि समय अगाडि भनेका थिए। यदि तपाईले गर्नुहुन्छ भने, रातको समयमा म—म लगाएको हुन्छु, तपाईले देख्नुहुन्छ। मानिसहरु बोल्न जान्छन्, र सबैजनालाई बिमार हुनसक्छ, र जब तिनीहरु यसको बारेमा बोल्न जान्छन्, चाडो, त्यहाँ प्रभुको स्वर्गदूत यसको बारेमा बताउनको लागि हुनुहुन्छ।

37 त्यहाँ कोहि बसिरहनुभएको छ, ठिक अहिले मलाई हेर्दै हुनुहुन्छ, त्यो सत्य हो भनि थाहा छ, केहि मिनेट अगाडि देखि, वा करिब डेढ घण्टा अगाडि। यहाँ बसिरहेकी एक महिला, जसलाई थाहा थिएन यो के हो भनि, कि अर्को रात परमप्रभुको स्वर्गदूत उनीसंग बोले र उनलाई केहि कुरा भने, र उनले यो बुझ्न सकेकी थिईनन्। तर आज यो भयो, त्यसैले उनलाई थाहा छ अब यसको अर्थ के हो जब उहाँ उनीसंग बोल्दै हुनुहुन्थ्यो। र कसरी, त्यहाँ उभिएर उनीसंग कुरा गर्दै, प्रभुको स्वर्गदूत सिधै फर्केर गए र उनलाई उनको समस्या के थियो भनि, र सबै कुरा के थियो, र—र उनले के सोचिरहेकी थिईन् भनि, र उनको प्रेमीहरु मध्ये एक, र कसरी परमेश्वरले बोल्नुभएको थियो र उहाँले यसलाई पुष्टि गर्नुभएको छ भनि भन्नुभएको थियो, र के हुन जाँदै थियो। त्यसैले त्यो ठिक त्यस्तै तरिकामा हुनेछ। देख्नुभयो? परमेश्वरले त्यसो भन्नुभएको थियो।

38 ठिक छ अब, त्यो केहि समयको बारेमा के...र त्यसपछि, र प्रत्येक दर्शनले तपाईलाई यति धेरै कमजोर बनाउँछ, हेर्नुहोस्। र पहिलो कुरा तपाईलाई थाहा छ, जब तपाई रातमा मण्डलीमा जानुहुन्छ, तपाई यति पूर्ण रूपमा थकित हुनुहुन्छ कि तपाईलाई के गर्ने भनेर शायदै थाहा छैन। र अब तपाई मेरो निम्ति प्रार्थना गर्नुहोस्, हेर्नुहोस्, किनभने यो एउटा सभाबाट अर्को, अर्कोको लागि हो। यो मात्रै एउटा सभा थियो, यो फरक हुनेछ, यदि म अहिले घर जाँदै थिए र केहि महिनाको लागि केहि गर्न जाँदै थिए भने, बाहिर जानुहोस् र मेरो माछा मार्ने लाइन लिनुहोस् र माछा मार्न जानुहोस्। तर म एउटा सभाबाट ठिक अर्को सभामा जानुपर्छ, एउटा दायाँबाट अर्कोमा, तपाई देख्नुहुन्छ। त्यसले नै बनाउँछ।

39 र तपाईहरु सबैले प्रार्थना गर्नुहोस्, तपाईहरु यहाँ दर्शकहरुमा। तिनीहरुले मलाई गत राति भनेका थिए कि म—कि म एउटा निश्चित व्यक्तिसंग बोलिरहेको थिए, र त्यो व्यक्तिले कललाई प्रतिक्रिया दिएनन्। अब, त्यो एकदम खतरनाक छ, तपाईले देख्नुहुन्छ। जब तिनीहरुले यो भने…ठिक छ, कहिलेकाहि यी बत्तीहरु चम्कदैनन्, त्यहाँ बीचमा एउटा अन्धकार छ।

40 र म प्रभुको स्वर्गदूतलाई हेर्छु जब उहाँ यहाँ उभिरहनुभएको छ, मैले यो महसूस गर्न सक्छु। त्यसपछि म यो मबाट सरेको महसूस गर्नेछु, र म हेर्छु, यसले मलाई छोड्नेछ र यो कतै जान्छ र त्यहाँ थोरै उभिनेछ, र मैले यसलाई देख्न सक्छु। र यो चम्किन्छ र त्यहाँ एउटा दर्शन आउनेछ। त्यसपछि म दर्शन देख्नेछु। म हेर्छु त्यहाँ वरपर कस्तो खालको देखिने व्यक्ति छ। मैले व्यक्ति भेट्छु, त्यसपछि म बोल्छु। त्यहि नै हुने गर्छ। त्यहि नै हुदछ। तपाईले त्यो सबैलाई भन्नुपर्दैन, तर त्यहि—त्यहि नै हुन्छ, तपाईले देख्नुहुन्छ। यो सबै आत्मिक क्षेत्रमा छ।

41 त्यसपछि यदि त्यो व्यक्तिले प्रतिक्रिया गरेन भने, यो यहाँ बाइबल पढेर भनेको जस्तै हो, "यसमा केहि पनि छैन," यसबाट टाढा जानुहोस्। देख्नुभयो? त्यसैले त्यसले यसलाई धेरै खराब बनाउँछ। त्यसैले सतर्क रहनुहोस्, सुन्नुहोस्, हेर्दै बस्नुहोस्। जब उहाँ बोल्नुहुन्छ, जवाफ दिनुहोस्। हेर्नुहोस्, कुनै पनि समयमा जवाफ दिन तयार हुनुहोस्।

42 र त्यसैले मेरी श्रीमती, र भाई बिलर र तिनीहरु मध्ये धेरैले, यस बिहान, मलाई यसको बारेमा भन्दै हुनुहुन्थ्यो, कि यसले एउटा मानिसलाई उसको दाजुभाईको बारेमा बोलाएको थियो, कतै, जो ऊसंग केहि गलत थियो, र त्यस्तै। र मानिसले कललाई जवाफ दिएनन्, त्यसैले त्यो मद्दत गर्न सकिदैन। त्यो परमेश्वर र मानिसको बीचमा छ। दर्शनले मलाई छोडिदियो। त्यसपछि मैले यो कत्ति पनि भेट्टाउन सकिन, किनभने उसले जवाफ दिनुभएन। त्यसैले, ध्यान दिनुहोस्, सतर्क रहनुहोस्।

43 अब यो *प्रेतात्माशास्त्रको* विषय लिदै र दुष्टको बारेमा बोल्दै। अब, मानिसहरु, जब तपाईले "दुष्ट" भन्नुहुन्छ, तुरुन्तै तिनीहरुले सोच्न थाल्छन्, "ओ, केहि कट्टरता वा केहि!" तर दुष्ट स्वर्गदूतहरु जत्तिकै वास्तविक छन्। तिनीहरु उत्तिकै वास्तविक छन्।

44 र शैतान उत्तिकै वास्तविक दुष्ट हो, जस्तो येशू ख्रीष्ट परमेश्वरको पुत्र

हुनुहुन्छ। ऊ एउटा दुष्ट हो! स्वर्ग उत्तिकै वास्तविक छ। र यदि त्यहाँ नरक जस्तो कुनै चिज छैन भने, त्यहाँ स्वर्ग जस्तो केहि पनि छैन। र यदि त्यहाँ अनन्त आशिष छैन भने...अनन्त दण्ड, बरु, त्यहाँ कुनै अनन्त आशिष छैन। यदि त्यहाँ दिन छैन भने, त्यहाँ कुनै रात छैन। देख्नुभयो? तर जत्ति पक्का त्यहाँ दिन छ, त्यहाँ रात छ। जत्ति पक्का—जति पक्का त्यहाँ एउटा—निश्चित जत्ति एउटा इसाई छ, त्यहाँ एउटा पाखण्डी अवश्य हुनेछ। जत्ति पक्का त्यहाँ परमेश्वरबाट कोहि हुनुहुन्छ जो सच्चा हुनुहुन्छ, त्यहाँ कोहि छ त्यसको नक्कल गर्ने। देख्नुभयो? यो ठिक ठ्याक्कै पक्षमा र विपक्षमा छ, कालो र सेतो, सबैकुराको जीवनमा, सबै ठाउमा सत्य र झुटो। र त्यहाँ एउटा झुटो सुसमाचार छ, त्यहाँ एउटा साचो सुसमाचार छ। त्यहाँ एउटा साँचो बप्तिष्मा छ, त्यहाँ एउटा झुटो बप्तिष्मा छ। त्यहाँ एउटा बनावटी विश्वास छ, र त्यहाँ एउटा वास्तविक छ। त्यहाँ एउटा सच्चा अमेरिकी डलर छ, त्यहाँ एउटा झुटो अमेरिकी डलर छ। त्यहाँ एउटा सच्चा इसाई छ, त्यहाँ एउटा सच्चा पाखण्डी छ, हेर्नुहोस्, त्यो केवल नक्कल गर्दैछ। त्यसैले तपाईले त्यो पाउनुहुन्छ, त्यसैले यो सबै संगै जान्छ। अब, हामीले यसलाई अलग गर्न सक्दैनौ। परमेश्वरले पानी पर्न दिनुहुन्छ।

45 उहाँले मलाई यहाँ थोरै मात्र बोल्न दिनुभएको होस्। यहाँ कति जना प्रचारकहरु छन्? आफ्नो हातहरु उठाउनुहोस्। चारैतिर, प्रचारकहरु, तपाईको हात हेरौ। ठिक छ, परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, दाजुभाईहरु। अब, अब, तपाईले यसलाई अहिले सिद्धान्तको रूपमा नलिनुहोस्, तर, हामीले यो अत्यावश्यक विषयमा जानुभन्दा पहिले, म तपाईलाई के भन्छु। कतिजना पेन्टिकोष्टल मानिसहरु यहाँ छन्? आफ्नो हातहरु उठाउनुहोस्, जताततै। ठिक छ, तपाईहरु सबै पेन्टिकोष्टल हुनुहुन्छ। ठिक छ। म तपाईलाई भन्न चाहन्छु कि मसंग के थियो जब म पहिलो पटक तपाईको दायरामा आए।

म ठिक यहाँ इन्डियानामा थिए, मिशावाका भनिने निश्चित ठाउमा। मैले कहिल्यै देखेको पेन्टिकोष्टल मानिसहरुको पहिलो समूह, तिनीहरुलाई—येशू ख्रीष्टको पेन्टिकोष्टल सम्मेलनहरु भनिएको थियो, म विश्वास गर्छु, वा त्यस्तै केहि, अद्भूत मानिसहरुको झुण्ड। अब तिनीहरु संगठित भएका छन् र तिनीहरुलाई संयुक्त पेन्टिकोष्ट भन्छन्। पानीको बप्तिष्माको एउटा मुद्दाको कारणले, तिनीहरु बाकि रहेकाहरुबाट छुट्टिए। त्यसले तिनीहरुलाई पाखण्डी बनाउदैन। त्यहाँ धेरै जना सच्चा, वास्तविक पवित्र आत्मा छन्,

जो नयाँ गरी जन्मेका इसाईहरु तिनीहरुको दर्जामा छन्। र परमेश्वरले तिनीहरुलाई "येशूको नाउमा," बप्तिष्माद्वारा पवित्र आत्मा दिनुभयो। र उहाले अरुलाई पवित्र आत्माको बप्तिष्मा दिनुहुन्छ, "पिता, पुत्र, पवित्र आत्मा" मा बप्तिष्मा लिएर। त्यसैले, "परमेश्वरले तिनीहरुलाई पवित्र आत्मा दिनुहुन्छ, जसले उहाँको आज्ञा पालन गर्छन्," त्यसैले कसले—कसले पाए, कसले उहाँको आज्ञा पालन गर्यो? त्यहाँ तपाई हुनुहुन्छ।

46 यदि तपाईले केवल बिर्सनुभयो भने, र तिनीहरु जो एकतर्फी हुन चाहन्छन्, तिनीहरुलाई हुन दिनुहोस्, र तपाई अगाडि बढ्नुहोस् र दाजुभाईहरु बन्नुहोस्। त्यहि नै हो। नगर्नुहोस्...यसले के गर्यो, तिनीहरुलाई टुक्राउदै, टुक्राउदै थियो। देख्नुभयो? के? तोड्दै, च्यात्दै, भाईचारा तोड्दै, आफैलाई छुट्टाउदै र अलग गर्दै। होइन, श्रीमान, हामी छुट्टिएका छैनौ, हामी एक हौ। त्यो सहि हो।

47 तर जब म त्यहाँ उभिरहेको थिए, मैले ती मानिसहरुलाई हेरिरहेको थिए। अब, म, केवल एउटा नियमित सानो पुरानो दक्षिणी ब्याप्टिष्ट मण्डलीबाट बाहिर आएको छु, किन, म ती मानिसहरुलाई देख्थे, म त्यहाँ भित्र गए र तिनीहरुले आफ्नो हात ताली बजाउदै थिए, कराएर, "तिनीहरु मध्ये एक, तिनीहरु मध्ये एक, म तिनीहरु मध्ये एक हुँ भन्न पाउँदा खुसी छु!"

48 मैले सोचे, "मेरो! ह्यु!" पहिलो कुरा तपाईलाई थाहा छ, यहाँ कोहि तल त्यहाँबाट भएर आउनुहुन्छ, तिनीहरु नाच्न सक्नेसम्म कडा नाच्दै। "टह–टह–टह–टह–टह," मैले सोचे, "कस्तो मण्डलीको व्यवहार! मैले त्यस्तो खालको कुरा कहिल्यै सुनेको छैन।" मैले तिनीहरुलाई हेरिरहे, वरपर। छक्क परे, "ठिक छ, ती मानिसहरुलाई संसारमा के भयो?"

49 अब, मैले मेरो जीवन कथा भनेको तपाईले सुन्नुभएको छ, जहाँ मैले त्यो सभामा गए। तर यो एउटा कुरा हो जुन मैले सार्वजनिक रूपमा कहिल्यै भनेको छैन, पहिले कहिल्यै भनेको छैन। त्यसैले तिनीहरु...अब, यदि तपाईले यसलाई आफ्नो रेकर्डरबाट निकाल्न चाहनुहुन्छ भने, किन, तपाईले त्यसो गर्न सक्नुहुन्छ। ठिक छ। अब, यसमा मैले हेरे, र अब मैले सोचे, "ठिक छ, ती मानिसहरु मैले मेरो जीवनमा देखेको सबैभन्दा खुसी मानिसहरु हुन्।" तिनीहरु आफ्नो धर्ममा लज्जित भएनन्। हामी ब्याप्टिष्टहरु अलिकति लज्जित हुन्छौ, कहिले काहि, तपाईलाई थाहा छ। देख्नुभयो? र

जब तिनीहरु प्रार्थना गर्न जान्छन्, तपाईलाई थाहा छ, फ्यानको पछाडि जानुहोस्, तपाईलाई थाहा छ। र—र, तर हामी...तर ती मानिसहरु थिएनन्, भाई, तिनीहरु—तिनीहरु भित्र भित्र, बाहिर, र तिनीहरु सबैतिर धर्म थियो।

50 ठिक छ, मलाई त्यो रात याद छ जब म मंचमा पुगे। भन्नुभयो, "सबै प्रचारकहरु मंचमा छन्।" त्यो एउटा अधिवेशन थियो। तिनीहरुले यो यहाँ उत्तरमा हुनुपर्थ्यो, रङ्गीन समस्याको कारणले, दक्षिणको जिम क्रो कानून। त्यसैले तिनीहरु सबै त्यहाँ सबै ठाउबाट भेटिए। त्यसैले, म त्यहाँ माथि बसिरहेको थिए। र उसले भन्यो...ठिक छ, अब त्यहाँ...मैले सबै प्रचारकहरु त्यस दिन र रातमा सुने। तिनीहरुले भनेका थिए कुनै बुढो प्रचारक, उहा एउटा बुढो रङ्गको मानिस हुनुहुन्थ्यो, उसको शिरको वरपर केवल थोरै कपाल थियो, *त्यो* जस्तो, ठूलो पुरानो लामो फ्रक–पुच्छर प्रचारक कोट, तपाईलाई थाहा छ, मखमलको कलर, र यो तातो मौसम। गरीब बुढो साथी त्यहाँ *यसरी* आउछ। उहाँले भन्नुभयो, "मेरा प्रिय छोराछोरीहरु," उहाँले भन्नुभयो, "म तिमीहरुलाई भन्न चाहन्छु," गवाहि दिन पर्यो। म मंचमा बसिरहेको लगभग कान्छो थिए। त्यसैले त्यसपछि उहाँले भन्नुभयो, "म तिमीलाई भन्छु!" उहाँले अय्यूबको पदबाट लिनुभयो, "मैले संसारको जग बसाल्दा तिमी कहाँ थियौ? तिनीहरु कहाँ बाँधिएका छन् मलाई घोषणा गर्नुहोस्।"

51 यी सबै अन्य प्रचारकहरुले ख्रीष्टको बारेमा प्रचार गर्दै आएका थिए, नियमित दौडमा। मैले तिनीहरुलाई सुने, रमाईलो गरे। तर त्यो बुढो केटा होइन! उहाँ संसारको उत्पत्ति हुनभन्दा करिब दस हजार वर्ष अगाडि जानुभयो। उहाँ माथि स्वर्गमा जानुभयो र आकाशबाट तल आउनुभयो, के भईरहेको थियो। तिनीहरुले के प्रचार गर्दै थिए, दिनको समयमा भईरहेका थिए; उहाँले स्वर्गमा के भईरहेको छ भनि प्रचार गर्दै हुनुहुन्थ्यो। उहाँले ख्रीष्टलाई तेर्सो इन्द्रेणीमा फर्काएर ल्याउनुभयो, पछाडि कतै अनन्तकालमा। किन, उसले प्रचार गरेको पाँच मिनेट पनि भएको थिएन त्यो बुढो साथीलाई, केहि कुराले उसलाई समात्यो। ऊ हावामा उफ्रियो र आफ्नो खुट्टालाई एकसाथ जोड्यो, र करायो, "हुप्पी!" उहाँसंग जत्तिको कोठा थियो जत्ति म यहाँ माथि गएको थिए। उसले भन्यो, "तिमीसंग मैले प्रचार गर्नको लागि पर्याप्त ठाउँ छैन," र ऊ त्यहाँबाट गयो।

52 ठिक छ, मैले सोचे, "यदि त्यसले लगभग अस्सी वर्षको मानिसलाई त्यसो गर्छ भने, यसले मलाई के गर्ला र? त्यहि नै म चाहन्छु। त्यहि नै म चाहन्छु।"

53 तर मलाई के कुराले दियो त्यो यो थियो। अब, हामी दुष्टहरुको बारेमा कुरा गर्दैछौ। मलाई के भयो, मैले दुईजना मानिसलाई हेरे। एउटा एउटा छेउमा सेट, र अर्को अर्को। र जब आत्मा खस्नुहुन्थ्यो, ती मानिसहरु उठ्थे र अन्यभाषामा बोल्थे र कराउथे, र मुखको चारैतिर सेतो हुन जान्छ। र मैले सोचे, "ओ, मेरो, यदि मैले मात्रै त्यो पाएको भए!" देख्नुभयो? "कस्तो अद्भूत! ओ, त्यो...मलाई केवल त्यो मन पर्छ!" ठिक छ, म बाहिर मकैबारीमा गएँ। र मैले तपाईलाई मेरो जीवन कथा सुनाए। तपाईले यो पुस्तकमा पढ्नुहुन्छ। म रातभरि सुते। र अर्को बिहान म फर्केर आए, त्यसैले मैले सोचे कि म केवल जाँच गर्छु। मसंग काम गर्ने तरिका छ जुन परमेश्वर र म बाहेक अरु कसैलाई थाहा छैन। त्यसैले, म एउटा दृष्टान्त लिन्छु र एउटा मानिसको आत्मालाई भेट्न जान्छु। तपाईले ठिक यहाँ मंचमा देख्नुहुन्छ। देख्नुभयो? र त्यसैले मैले ती मध्ये एकजना मानिससंग कुरा गर्न पाए। म तिनीहरुलाई देख्छु, तिनीहरु एकसाथ बस्छन्, र तिनीहरु केवल हात समात्छन् र नाच्छन् र कराउछन्। मैले सोचे, "ओ, मेरो, त्यो मलाई वास्तविक सुनिन्छ!"

54 र मैले उसको एउटा हात समाते। मैले भने, "तपाई कस्तो हुनुहुन्छ, श्रीमान?"

55 उहाँले भन्नुभयो, "तपाई कस्तो हुनुहुन्छ।" धेरै राम्रो मान्छे, सज्जन–प्रकारको साथी। उनले भने...

मैले भने, "के तपाई सेवक हुनुहुन्छ?"

उसले भन्यो, "होइन, श्रीमान्। म केवल एउटा सामान्य सदस्य हुँ।"

56 र मैले उहाँसंग थोरै कुराकानी गर्न थाले ताकि मैले उहाँको आत्मा समात्न सकूँ। देख्नुभयो? उनलाई त्यो थाहा थिएन। कसैलाई थाहा थिएन। मैले यसको बारेमा कहिल्यै केहि भनिन। वर्षौ पछि, मैले यो उल्लेख गर्नुभन्दा अगाडि। त्यसैले तिनीहरु...तर जब मैले यो पत्ता लगाए, यो सत्य बज्यो, उत्तिकै सिद्ध, एउटा इसाई मानिस! त्यो मानिस विल्कुल परमेश्वरको सन्त थियो। मैले सोचे, "भाई, त्यो ठिकै छ।"

57 तर अनौठो भाग, जब मैले अर्को मानिसलाई पक्रेको थिए, यो विपरित थियो। उनी एउटी महिलासंग बस्दै आएका थिए जो उनको श्रीमती थिएनन्। त्यो सहि हो। र मैले यो उ तर्फ तानिएको देखे, एउटा दर्शन। मैले सोचे, "ओ, मेरो, यो त्यस्तो हुन सक्दैन।" र त्यो मानिस...मैले सोचे, "अब, अब, ती मानिसहरु मध्येको यो आत्मा गलत छ। त्यहि नै सबै यसमा छ।"

58 त्यसैले त्यो रात जब...सभामा जानुहुन्थ्यो, र आशिषहरु झर्दै थियो, म परमेश्वरलाई प्रार्थना गर्थे, र पवित्र आत्मा, यो पवित्र आत्मा हुनुहुन्थ्यो भनि प्रभुको स्वर्गदूतले गवाहि दिनुहुन्छ। र त्यहि आत्मा *यस* मानिसमा गिरिरहेको थियो *त्यो* मानिसमा खसिरहेको थियो। र जब आत्मा खस्नुहुन्थ्यो, दुवैजना उठ्थे, र तिनीहरु दुवैजना कराउथे र कराउथे र प्रभुको प्रशंसा गर्थे, र अन्यभाषामा बोल्थे र नाच्छन्। मैले भने, "म—म—मैले यो बुझ्न सक्दिन, प्रभु। म...म यो बाइबलमा देख्न सक्दिन, जहाँ त्यो सहि हुनसक्छ।" अब मैले भने, "शायद म धोकामा छु।" देख्नुभयो? मैले भने...अब, यहाँ, म—म सक्दिन...म—म कडा रूपमा बाइबलको आधारभूत छु। यो यो हुनुपर्छ। देख्नुभयो? मैले भने, "प्रभु, मेरो अवस्था तपाईलाई थाहा छ, र मैले—मैले यो तपाईको वचनमा देख्नुपर्छ। र म—म बुझ्न सक्दिन। जब पवित्र आत्मा *यस* मानिसमा झर्छ, पवित्र आत्मा *त्यो* मानिसमा गिर्दछ, र ती मध्ये एउटा सन्त र अर्को एउटा पाखण्डी हो। र मलाई थाहा छ यो छ।" मलाई यो थाहा छ। बिना...मैले मानिसलाई बाहिर निकालेर उसलाई प्रमाणित गर्न सक्थे, वा उसलाई ठिक त्यहाँ बोलाए र उसलाई यसको बारेमा बताए।

59 जस्तो मैले सकेको थिए त्यो मानिस ठिक यहाँ हिजो राति बसिरहेको, एउटा—एउटा पाखण्डी बाहेक अरु केहि थिएन, यदि त्यहाँ कहिल्यै एकजना बसिरहनुभएको छ भने। र मैले यसलाई बोलाएको हुनुपर्छ, तर ऊ उठ्यो र झगडा गर्न थाल्यो। त्यसैले मैले केवल त्यसलाई जान दिए, सभाको कारणले, तर मैले उहाँलाई चिनेको थिए। हो, श्रीमान।

त्यहाँ एकजना, दुईजना, ठिक त्यहाँ पछाडि बसिरहनुभएको छ, अर्को रात, एउटा निश्चित मण्डलीको हो जो ठिक यहाँ शहरमा हुनुहुन्छ। वास्तविक आलोचकहरु! मैले तिनीहरुलाई देखे। तर, यदि तपाई चाहनुहुन्छ भने, उसले केवल समस्या शुरू गर्छ। मैले यो धेरै पटक गरेको छु। मैले केवल तिनीहरुलाई एक्लै छोडिदिए, हेर्नुहोस्। यो सबै ठिक छ। परमेश्वरलाई

थाहा छ, उहाँ न्यायकर्ता हुनुहुन्छ। तिनीहरुले मलाई एक पटक कल गर्न दिनुहोस्, र त्यसपछि तपाईले केहि कुरा भएको देख्नुहुनेछ, तपाईले देख्नुहुन्छ, उसलाई गर्न दिनुहोस्।

दुष्ट स्वर्गदूत जस्तै, मैले कहिल्यै पनि दुष्टलाई बोलाएको छैन। उहाँ केवल मकहाँ आउनुभयो र मलाई चुनौती दिनुभयो। त्यसपछि जब परमेश्वर काममा जानुभयो, हेर्नुहोस्, त्यो सहि हो, र के घट्यो तपाईले देख्नुभयो। ठिक छ। तर मैले केवल त्यसलाई जान दिए। सभालाई कठिन बनायो, किनकि त्यो आत्मा ठिक म भित्र हरेक समय चलिरहेको थियो, हेर्नुहोस्। र त्यसैले म निरन्तर लागिरहे।

60 तर अब, यी मानिसहरु, मैले यो बुझ्न सकिन। र यो दुई वर्ष पछि, वा तिन वर्षको कुरा हो, जब म माथि ग्रिन मिल, इन्डियाना, यहाँ, स्काउट रिजर्भेसनमा थिए। म फेरी पुरानो गुफामा थिए जहाँ म प्रार्थना गर्न जान्छु। र त्यहाँ पछाडि, मैले भने, "प्रभु, म बुझ्न सक्दिन कि त्यो मानिसहरुको समूह के भयो। मैले मेरो जीवनमा भेटेको सबैभन्दा राम्रा मानिसहरु, र म—म बुझ्न सक्दिन कि त्यो कसरी गलत आत्मा हुन सक्छ। जब यो... यदि त्यसो हो भने...तपाईलाई मेरो हृदयको इमानदारी थाहा छ। तपाईलाई थाहा छ मैले तपाईलाई कसरी प्रेम गर्छु र कसरी मैले तपाईको सेवा गरेको छु। र उही आत्मा जो यहाँ हुनुहुन्छ, मसंग, ती मानिसहरुमा थियो। र यहाँ त्यो केटामा थियो, त्यहाँ, उस्तै नै थियो।" त्यसैले मैले बुझ्नै सकिन।

61 र प्रभु उहाँको कृपामा तल आउनुभयो र मलाई देखाउनुभयो। यो कहाँ थियो। यो पहिले, धर्मशास्त्रीय हुनुपर्छ। उहाँले भन्नुभयो, "तपाईको बाइबल लिनुहोस्।" र मैले मेरो बाइबल लिए। मलाई लाग्छ मैले त्यो बाइबल दस मिनेटसम्म कोहि बिना नै समातेर बसे...कुनै पनि अझै वचन आउदैन। मैले केहि क्षण मात्रै प्रतिक्षा गरे। उहाँले फेरी यसो भनेको मैले सुने, "हिब्रू ६ तर्फ फर्कनुहोस् र पढ्न शुरू गर्नुहोस्।" र मैले गरे। र जब त्यो त्यहाँ तल आयो, जहाँ यसले भनेको छ, "पृथ्वीमा पानी पानी पार्न र तयार पार्नलाई वर्षा आउँछ, जसको लागि यो छ...तर काँढ़ा र सिउँड़ीहरु, जुन इन्कारको नजिक छ, जसको अन्त्य जल्नेछ।" र मैले यसलाई ठिक त्यहाँ समाते।

मैले सोचे, "त्यहाँ यो छ। परमेश्वरलाई धन्यवाद होस्! त्यहाँ यो छ।" देख्नुभयो?

62 अब, येशूले भन्नुभयो, "एउटा छर्नेले बीउ छर्नुभयो," होइन र?

अब, तपाईहरु सबै यहाँ इसाईहरु हुनुहुन्छ। सबैजनाले आफ्नो हात उठाए, जसरी पनि, पेन्टिकोष्टल, नयाँ गरी जन्मेका इसाईहरु। ठिक छ। तिनीहरु...र उहाँले भन्नुभयो, "एउटा छर्ने बीउ छर्दै निस्कियो। र जब ऊ सुतिरहेको थियो..." उसको विश्राम, मृत्यु, बीचमा। देख्नुभयो? "र उनी सुतिरहेकै बेला, एउटा शत्रु आयो र त्यस खेतमा सामा छर्यो।" साडा के हो? झार, झार र चिजहरु। अब, "र जब किसानले (प्रचारक) यी सामाहरु बढिरहेको देखे, भने, 'मलाई गएर ती तान्न देऊ।' उसले भन्यो, 'होइन, होइन। तपाईले गहुँ पनि तान्नुहुनेछ। ती दुवैलाई संगै बढ्न दिनुहोस्।'"

63 त्यहाँ बाहिर गहुँको खेत छ। त्यहाँ क्रिपरहरु, नेटल बलहरु, दुर्गन्धित झार, सबैकुराहरु यसमा छन्। के त्यो सहि हो? तर, अब, त्यहाँ भित्र त्यहाँ गहुँ छ। अब, वर्षा पृथ्वीमा आउछ, यसलाई पानी दिनको लागि। अब, वर्षा के को लागि हो? नेटल बलमा पानी हाल्नु होइन। अब हेर्नुहोस् र ध्यान दिनुहोस्। लतालाई पानी दिनु होइन। पानी गहुँको निम्ति पठाईएको छ, तर चिसो र सामा गहुँ जत्तिकै तिर्खाएको छ। र त्यहि वर्षा जुन गहुँमा पर्छ सामामा पनि झर्छ। र सानो पुरानो सामा ठिक त्यसरी सिधा खडा हुनेछ, र खुसी र आनन्दित, त्यत्तिकै जत्तिको सानो गहुँ खडा हुन्छ र आफै खडा हुन्छ।

64 "तर तिनीहरुको फलबाट तिमीहरुले तिनीहरुलाई चिन्नेछौ।" त्यहाँ तपाई हुनुहुन्छ। देख्नुभयो? अब, त्यहि पवित्र आत्माले पाखण्डीलाई आशिष दिनसक्छ। त्यसले तपाईहरु मध्ये केहि आर्मीनियनहरुलाई बाहिर निकाल्नुभयो, तर त्यो सत्य हो। त्यो नै सत्य हो। पवित्रता सिकाईएको थियो, जुन म पनि पवित्रतामा विश्वास गर्छु। तर त्यहि आत्माले, वर्षा धर्मी र अधर्मीमा झर्छ, तर तिनीहरुको फलबाट तपाईले तिनीहरुलाई चिन्नुहुनेछ।

65 यदि म यहाँ बाहिर हेर्छु र गहुँ लिन जान्छु भने, मैले गहुँ पाउछु, तर सामा सबैले बाँधिएको छ। र तिनीहरु त्यहि पानीमा जिउछन् जुन गहुँको लागि परेको थियो। र वर्षा सामाको लागि पठाईएको थिएन, यो गहुँको लागि पठाईएको थियो। तर खेतमा पानी परिरहेको छ, गहुँ...गहुँको खेतमा सामा, तिनीहरुले पानीबाट उत्तिकै लाभ उठाए जत्तिको बाकि रहेकाहरुले पाए। र त्यहि पानीले गहुँलाई जिउदो बनायो, सामालाई जिउदो बनायो।

66 सबै प्राकृतिक कुराहरु आत्मिक प्रकारका हुन्छन्, जस्तो हामीले सिकाईरहेका छौ। त्यहाँ यो छ, प्रेतात्माशास्त्र, दुष्टले इसाईत्वको नक्कल

गर्दै, यद्धपि, आशिष सहित। त्यो स्किम दूध होइन, भाईहरु, यदि तपाईले यो लिन सक्नुहुन्छ भने। देख्नुभयो? देख्नुभयो? अब, यो—यो सत्य हो।

67 त्यसैले, आज म बचाईएको छैन किनभने म कराउन सक्छु। म बचाईएको छु किनभने म बचाईएको छु जस्तो मलाई लाग्छ। म बचाईएको छु किनभने मैले यस बाइबलको परमेश्वरको सर्तहरु पूरा गरे। येशूले भन्नुभयो, "जसले मेरा वचनहरु सुन्दछ र मलाई पठाउनुहुनेमा विश्वास गर्छ, त्यसमा अनन्त जीवन हुन्छ, र दण्डमा आउनेछैन, तर मृत्युबाट जीवनमा पारिनेछ।" म त्यो विश्वास गर्छु। त्यो सहि हो। र ती अवस्थाहरुमा म बचाईएको छु, किनभने परमेश्वरले त्यसो भन्नुभएको छ।

68 यदि उहाँले मलाई भन्नुभयो कि तपाई बचाईनुभएको छ किनभने कसैले भन्यो, "एउटा तेज तेज बतासले मलाई मुहारमा हान्यो," त्यो अद्भूत छ, तर म जान्न चाहन्छु कि त्यो तेज तेज बतास कहाँबाट आयो यसले मेरो अनुहारमा प्रहार गर्नुभन्दा अगाडि, हेर्नुहोस्। अब, शक्तिशाली बतासले तपाईलाई प्रहार गरे पछि तपाई कस्तो खालको जीवन जिउन जाँदै हुनुहुन्छ? देख्नुभयो? हेर्नुहोस्, यो तपाईको फलबाट हो तपाई चिनिनुहुन्छ। त्यसैले, दुष्टले ठिक इसाईहरुको माझमा काम गर्न सक्छ। तपाई त्यो विश्वास गर्नुहुन्छ? पावललाई हेर्नुहोस्, पावलले भने...

69 अब यहाँ छ जहाँ पछिल्लो–दिनको वर्षा...यदि यहाँ तपाईहरु कोहि हुनुहुन्छ भने, मलाई क्षमा दिनुहोस् यदि मैले तपाईको विरुद्धमा केहि भनेको छु भने। म तपाईको विरुद्धमा जत्ति बोल्दिन, म सभाहरु, वा कुनै, ब्याप्टिष्ट, वा अरु कोहि बोल्छु। यो सत्य हो त्यो सत्य हो। तपाई कहाँबाट हट्नुभयो, यो थियो: तपाईले ती मानिसहरुबाट अगमवक्ताहरु बनाउदै हुनुहुन्छ र ती कुराहरु जुन अगमवक्ता होइनन्। अगमवक्ताहरु "हातमा राखेर" पठाईदैनन्। अगमवक्ताहरु जन्मेका छन्। देख्नुभयो? बाइबलमा, त्यहाँ भविष्यवाणीको *वरदान* छ। त्यहाँ तपाईको गल्ती थियो, अगमवाणीको वरदान र अगमवक्ताको बीचमा। वरदान...

70 "परमेश्वर, प्राचिन समयमा र विभिन्न तरिकामा पिताहरुसंग अगमवक्ताहरुद्वारा बोल्नुभयो, यो अन्तिम दिनहरुमा उहाँको पुत्र, ख्रीष्ट येशूद्वारा।" र ख्रीष्टको शरीरमा नौवटा आत्मिक वरदानहरु क्रियाशील छन्। र *यो* आज राति यस महिलामा हुनसक्छ, भविष्यवाणी, उनको बाकि जीवनमा कहिल्यै पनि नहुन सक्छ। *यो* अर्को रात यो महिलामा हुनसक्छ।

अर्को पटक *यो* मानिसमा हुनसक्छ। हुनसक्छ *त्यो* एउटा पछाडि त्यहाँ, अर्को पटक। त्यसले उनलाई अगमवक्ता बनाउँदैन, कोहि पनि अगमवक्ता बनाउदैन। यो तपाईमा अगमवाणीको वरदान हो।

71 र त्यो मानिस वा त्यो भविष्यवाणी मण्डलीलाई दिनुभन्दा अगाडि, यो दुई वा तिनजना आत्मिक न्यायधीशहरुको अगाडि न्याय गरिनुपर्छ। के त्यो सहि हो? अनुसार, अब, पावलले भने, “तिमीहरु सबैले एक एक गरेर अगमवाणी बोल्न सक्छौ।” यदि *यो* व्यक्तिलाई केहि कुरा प्रकट गरिएको छ भने, *त्यो* व्यक्ति शान्त रहनुहोस्। ठिक छ, त्यसबेलामा आजको शिक्षा अनुसार, त्यसले सम्पूर्ण झुण्ड अगमवक्ताहरु बनाउँछ। होइन, पेन्टिकोष्टल मण्डली, हामीसंग सबै कुराहरु विवादित छन्। र त्यहि नै कारणले परमेश्वर भित्र आउन सक्नुहुन्न, जबसम्म हामीले कुरा सिधा र बाइबलमा गर्दैनौ। त्यो सहि हो। तपाईले सहि बाटो पाउनुपर्छ। खाका नहेरी कसरी तपाई घर बनाउने? देख्नुभयो? तपाईले सहि शुरूवात गर्नुपर्छ।

72 अब, त्यहाँ, एउटा अगमवक्ता, यशैया, मोशाको अगाडि कोहि पनि खडा भएको तपाईले कहिल्यै देख्नुभएको छैन। एकजना खडा भए, कोरह, एकदिन, र उनीसंग विवाद गर्न खोजे, र परमेश्वरले भन्नुभयो, “आफैलाई अलग्गै राख, म पृथ्वी खोल्न जाँदैछु र...” एउटा अगमवक्ता जन्मन्छ। “वरदान र बोलावट...–पश्चताप।” त्यो परमेश्वरको पूर्वाधार हो, बच्चा देखि नै। सबैकुरा पूर्ण रूपमा सहि थियो, ठ्याक्कै जे उनले भनेका थिए त्यो सत्य थियो र प्रमाणित गरियो र बाहिर ल्याईयो। यो परमेश्वरको वचन हो, अगमवक्ता कहाँ आउछ। तर अगमवाणीको वरदान मण्डलीमा छ।

73 अब तपाईले भन्नुभयो, “ठिक छ, अगमवक्ताहरु पुरानो नियम हुन्।” ओ, होइन! नयाँ करारमा अगमवक्ताहरु थिए।

74 अगाबस एउटा—एउटा नयाँ नियमका अगमवक्ता थिए। हेर्नुहोस् अगमवाणीको आत्मा त्यहाँ तल झरिरहेको र यसको बारेमा पावललाई भनिरहेको छ। त्यसपछि यहाँ अगाबस यरूशलेमबाट तल आयो, र पावललाई भेट्यो, र आफ्नो पट्टि उसको वरिपरी बाँधे, र फर्किए र भने, “**परमप्रभु यसो भन्नुहुन्छ**, यो लगाउने मानिस यरूसलेममा आउँदा साङ्लाले बाँधिनेछ।” अगाबस, जो खडा भए र भनेका थिए, के हुन आउनेछ भनि भविष्यवाणी गरेका थिए, उनी एउटा अगमवक्ता थिए, अगमवाणीको वरदान भएको मानिस होइन।

75 र चंगाईको वरदान र ती सबै वरदानहरु, मेरो पेन्टिकोष्टल मित्र, तपाईले यो मिश्रित पाउनुभयो। वरदानहरु मण्डलीमा छन्, मण्डलीमा कुनै पनि व्यक्तिको अधीनमा छन्, जो कोहि पनि जो शरीरमा बप्तिष्मा लिईसकेका छन्। "एउटा आत्माद्वारा हामी सबै बप्तिष्मा भएका छौ।" र बाइबलले भनेको छ...

"ठिक छ, मैले चंगाईको वरदान पाएको छु।"

76 ठिक छ, बाइबलले भनेको छ, "एकले अर्कालाई आफ्नो गल्ती स्वीकार गर, र एकले अर्कोको निम्ति प्रार्थना गर।" हरेक मानिसले एक अर्काको निम्ति प्रार्थना गर्छ। हामीहरु विभाजित समूह होइनौ; हामीहरु एउटा सामूहिक, भेला भएका समूह हौ। देख्नुभयो?

अब, र त्यहाँ कहिलेकाहि दुष्टले काम गर्ने तरिका छ।

77 अब हेर्नुहोस् पावलले के भने, "यदि एउटाले अन्यभाषामा बोल्छ र अर्कोले अनुवाद गर्छ भने, र जे पनि उहाँले भन्नुभयो, मण्डलीले त्यो प्राप्त गर्नुभन्दा अगाडि पहिले यो न्याय होस्।"

78 अब, यो धर्मशास्त्रको उद्धृति हुनेछैन, वा केहि त्यस्तै खालको हुनेछैन। परमेश्वरले आफैलाई दोहोर्याउनुहुन्न। तर यो मण्डलीको लागि एउटा चेतावनी हुनेछ। त्यसपछि यदि असल न्यायकर्ताले भन्छन्, "त्यसलाई प्राप्त गरौ।" ठिक छ, यो प्रभुको थियो। दोस्रोले भन्छ, "यसलाई लिऔ।" "दुई या तिनजना गवाहीको मुख, हरेक वचन स्थापित होस्।" त्यसपछि मण्डलीले यो प्राप्त गर्छ र यसको लागि तयार पार्छ। यदि त्यो हुन आउदैन भने, त्यसले के भनेको छ, तब तपाई माझ दुष्ट आत्मा छ। त्यो सहि हो। र यदि यो हुन आउछ भने, तब परमेश्वरलाई धन्यवाद दिनुहोस्, परमेश्वरको आत्मा तपाईहरुको माझमा हुनुहुन्छ। देख्नुभयो? अब, त्यहि हो जहाँ तपाई ध्यान दिनुपर्छ र होसियार हुनुपर्छ। त्यसैले, दबाउन कोशिष नगर्नुहोस्। म निलो भएको बेलामा मैले आफैलाई खैरो आँखा बनाउन सकिन, हेर्नुहोस्, म निलो आँखामा नै सन्तुष्ट हुनुपर्दछ। अब, त्यहाँनिर दुष्टले आत्मिक मानिसहरुको दायरामा काम गर्छ।

79 अब हामीसंग यहाँ गहिरो कुरा आईरहेको छ, र मलाई आशा छ कि यो धेरै गहिरो छैन। अब पहिलो शमूएल २८ मा, ठिक यो समयमा म यहाँ केहि धर्मशास्त्र पढ्न चाहन्छु। तपाईले ध्यान दिएर सुनेको म चाहन्छु। र म "भूतहरु" ल्याउन चाहन्छु, तिनीहरुले कसरी ठिक मण्डलीमा काम गर्छ

भनि देखाउन, र कसरी शैतानसंग त्यहाँ भएका सबै वास्तविकहरुको लागि नक्कली छ। अब तपाईले देख्न सक्नुहुन्छ, बाइबल अनुसार, त्यो दुष्टहरु इसाईहरुको माझमा आउँछन् र तिनीहरुले नक्कल गर्छन्।

80 र धेरै पटक हामीले मानिसहरुलाई इसाई भएको घोषणा गरेका छौ जब तिनीहरुले भनेका छन्, “म येशू ख्रीष्टमा विश्वास गर्छु।” किन, शैतानले पनि उहि कुरा विश्वास गर्छन्, र काम्छन्। त्यो तपाई बचाईएको कुनै चिन्ह होइन। यी मध्ये एक रात म चुनावमा जान चाहन्छु, र त्यसपछि तपाईले मुक्तिको अर्थ देख्नुहुनेछ। देख्नुभयो? यो केहि पनि होइन जुन तपाईको यससंग सरोकार नै थिएन, पहिलो स्थानमा, वा अन्तिममा, वा तपाईले यसको बारेमा केहि गर्न सक्नुहुन्न। परमेश्वरले मानिसलाई बिना शर्त बचाउनुहुन्छ। केटा, त्यो गहिरो डुब्यो, होइन र? अब, यो तपाईको प्रणालीबाट बाहिर निकाल्न सक्छ, जब हामी यसमा छौ। ठिक छ।

81 अब्राहाम हाम्रो विश्वासको शुरूवात हुनुहुन्थ्यो। के त्यो सहि हो? ओ, अब्राहामसंग प्रतिज्ञा थियो। र परमेश्वरले अब्राहामलाई बोलाउनुभयो किनभने उनी एउटा महान् मानिस थिए, मलाई लाग्छ? होइन, श्रीमान। उहाँ बेबिलोनबाट तल आउनुभयो, कल्दियाको—भूमिमा, ऊर शहरमा, र परमेश्वरले उनलाई बोलाउनुभयो र उनीसंग आफ्नो करार बाँध्नुभयो, बिना शर्त। “म तिमीलाई बचाउन जाँदैछु। र तपाई मात्रै होइन, अब्राहाम, तर तपाईको सन्तान पनि,” बिना शर्त।

82 परमेश्वरले मानिससंग एउटा करार बाँध्नुभयो, र मानिसले आफ्नो करार हरेक पटक तोड्छ; मानिसले कहिल्यै पनि परमेश्वरसंगको आफ्नो करार पूरा गर्दैन (व्यवस्था कहिल्यै पालन गरिएन; तिनीहरुले व्यवस्था पालन गर्न सकेनन्; ख्रीष्ट आउनुभयो र व्यवस्था तोड्नुभयो, आफैले।) किनकि अनुग्रहले एउटा मुक्ति प्रदान गरिसकेको थियो, मोशाले, उम्कनको एउटा बाटो उपलब्ध गराए, र त्यसपछि, बरु उम्केर, र त्यसपछि मानिसहरु, त्यस पछि, तिनीहरुले अझै पनि केहि गर्न चाहन्थे। मानिसले सधै आफैलाई बचाउनको लागि केहि गर्न खोजिरहेको हुन्छ, जब तपाईले त्यो गर्न सक्नुहुन्न। यो उसको स्वभाव हो। जसै उनले आफू नाङ्गै भएको थाहा पाए, अदनको बगैंचामा, उनले केहि अन्जिरको पातको एप्रोन बनाए। के त्यो सहि हो? तर तिनीहरुले काम गर्दैनन् भन्ने उनले थाहा पाए। एउटा मानिसले गर्न सक्ने केहि कुराले आफैलाई बचाउन सक्दैन। परमेश्वरले

तपाईलाई निःशर्त बचाउनुहुन्छ, तल युग भरी। र त्यसपछि जब तपाई बचाईनुभयो, तपाई बचाईनुभयो।

83 अब्राहामलाई हेर्नुहोस्। त्यहाँ त्यो साथी थियो, त्यहाँ गए, र परमेश्वरले उनलाई प्यालेस्टाइनको भूमि दिनुभयो र उनलाई त्यहाँ नछोड्न भन्नुभयो। प्यालेस्टाइन छोड्ने कुनै पनि यहूदी तर्कसंगत थियो। परमेश्वरले उनलाई त्यहाँ बस्न भन्नुभयो। यदि परमेश्वरले तपाईलाई केहि अर्को गर्नको निम्ति भन्नुहुन्छ भने, र तपाईले त्यो गर्नुभएन भने, त्यसो हो भने तपाई तर्कसंगत हुनुहुन्छ। के त्यो सहि हो? ठिक छ, अब्राहामको विश्वास जाँच्नको लागि खडेरी आयो। र अब्राहाम त्यहाँ बस्नुको सट्टामा, होइन, उनी त्यहाँ बस्न सकेनन्, उनी भागे, र सारालाई लिए र लगभग तिन सय मिल टाढा गए (यदि म त्यहाँ जानको लागि समय भएको भए) तल अर्को भूमिमा गए।

84 र जब उनी त्यहाँ तल पुगे, र त्यसपछि उनले यो महान् राजालाई त्यहाँ पाए, अबीमेलेक। उनी एउटा जवान साथी थिए र उनले एउटा प्रेमीलाई खोजिरहेका थिए, त्यसैले उनले अब्राहामकी श्रीमती सारालाई भेट्टाए, र उनीसंग प्रेममा परे। र अब्राहामले भने, "अब, तिमीले उसलाई भन कि तिमी मेरी बहिनी हौ र म तिम्रो भाई हुँ।"

85 त्यसैले अबीमेलेक खुसी भए, त्यसैले उसले भन्यो, "ठिक छ, हामी केवल उसलाई महलमा लैजान्छौ।" र मलाई लाग्छ महिलाहरुले उनलाई मिलाएको थियो, र उसले अर्को दिन उनीसंग विवाह गर्न जाँदै थियो।

86 र अबीमेलेक एउटा असल मानिस थियो, एउटा धार्मिक मानिस थियो। र त्यस रात, उनी सुतिरहेको बेलामा, प्रभु उनीकहाँ देखा पर्नुभयो र भन्नुभयो, "तिमी एउटा मरेको मानिस जस्तै राम्रो छौ।" उसले भन्यो, "त्यो पुरुषको...तपाई विवाह गर्नको लागि त्यहाँ बाहिर आउनुभएको स्त्री अर्कै पुरुषको श्रीमती हो।" अब हेर्नुहोस्। "अर्को मानिसको श्रीमती।"

87 किन, उनले भने, "प्रभु, मेरो हृदयको इमानदारीता तपाईलाई थाहा छ," एउटा धार्मिक, पवित्र मानिस। "मेरो हृदयको इमानदारीता तपाईलाई थाहा छ। त्यो व्यक्तिले मलाई उ उसको 'बहिनी' हो भनि। र के उनले मलाई, आफैले, त्यो 'मेरो भाई' हो भनि भनिन्?"

88 उसले भन्यो, परमेश्वरले भन्नुभयो, "मलाई थाहा छ तिम्रो हृदयको इमानदारीता, र त्यहि नै कारणले मैले तिमीहरुलाई मेरो विरुद्धमा पाप गर्नबाट रोकेको थिए। तर त्यो मेरो अगमवक्ता हो!" हाल्लेलुयाह!

89 उहाँ के हुनुहुन्थ्यो? भ्रुटो, र एउटा सानो, लजालु भ्रुटो। के त्यो सहि हो? ओ, होइन, त्यहाँ कुनै सानो सेतो भ्रुट छैन। तिनीहरु या त कालो भ्रुटहरु हुन् वा तिनीहरु भ्रुट नै होइनन्। त्यो मानिस त्यहाँ बाहिर बसेर एउटा पाइन–रिक्त भ्रुट बोलिरहेको छ, यो भन्दैछ कि त्यो उसको "बहिनी" थियो जब त्यो उसको श्रीमती थियो, भ्राडीको चारैतिर पिटाई गर्दै, र पछाडि हटेको।

90 र यहाँ परमेश्वरको अगाडि एउटा धर्मी मानिस उभिरहेको थियो, र भन्यो, "प्रभु, तपाईले मेरो हृदय जान्नुहुन्छ।"

91 "तर म तपाईको प्रार्थना सुन्ने छैन, अबीमेलेक, तर त्यसलाई लिएर जाऊ...उसलाई फर्काएर लिएर तिम्रो निम्ति प्रार्थना गर्न देऊ। उहाँ मेरो अगमवक्ता हुनुहुन्छ; म उसलाई सुन्छु।" हो, एउटा भ्रुटो, भ्रुटो, तर, "त्यो मेरो अगमवक्ता हो।" त्यो सत्यता? त्यो नै बाइबल हो।

92 अब, क्याल्भिनिस्टिक पक्षमा यहाँ धेरै टाढा नजानुहोस्, "एकपटक अनुग्रहमा, सधै अनुग्रहमा," किनकि तपाईको अपमान हुनेछ। देख्नुभयो? अब, केवल एक क्षण, हामीले त्यो माथि ल्याउन र यो कति स्तर छ भनि देखाउनको लागि यो हप्ता समय पाउनेछौ। तर तपाईले केहि गलत गर्नुभएको कारणले तपाई सदाको लागि गइसकेको नसोच्नुहोस्। तपाई परमेश्वरको एउटा बच्चा हुनुहुन्छ, तपाई परमेश्वरको आत्माले जन्मनुभएको छ, तपाई परमेश्वरको छोरा र छोरीहरु हुनुहुन्छ, र फलहरु आफैले लेख्नेछन्। त्यहाँ तपाई हुनुहुन्छ।

93 अब, यहाँ हामी छौ, भूमिमा बसिरहेका छौ। अब, म यहाँ छैठौ पद पढ्न चाहन्छु।

> *र जब शाऊलले परमप्रभुलाई सोधे, परमप्रभुले उनलाई जवाफ दिनुभएन, न त* सपनाद्वारा, न *उरीमद्वारा, न* त अगमवक्ताद्वारा।
>
> र *त्यसपछि शाऊलले आफ्ना नोकरहरुलाई भने, मलाई एउटा परिचित आत्मा भएको स्त्रीलाई खोज्नुहोस्, ताकि म उनीकहाँ गएर उनको बारेमा सोध्न सकूँ।*

मैले लौरोमा केहि कुरा राख्नसक्छु, किनकि केवल..."मलाई एउटा परिचित आत्मा भएको स्त्री खोज्नुहोस्।"

> *...र उसको* नोकरले *उसलाई* भन्यो, *हेर, त्यहाँ एन–दोरमा* एउटा *परिचित आत्मा* छिन्।

*र शाऊलले आफैलाई भेषमा राखे, र* लुगा *लगाए, अर्को लुगा लगाए, र उनी गए, दुई जना...र दुईजना मानिस उनीसंग थिए, र तिनीहरु रातमा महिला कहाँ आए: र* तिनीहरुले *भने, म प्रार्थना गर्छु,...*–तपाईको *परिचित आत्माद्वारा मलाई* दाखको *बोट ल्याईदिनुहोस्, र मलाई माथि ल्याउनुहोस्, जसको नाउँ म तपाईमा लिनेछु।*

*र स्त्रीले उनलाई भनिन्, हेर, शाऊलले के गरेको छ* भनि *तिमीलाई थाहा छ,* जान्नुहुन्छ, *परिचित भूतहरु,* र...*जादूगरहरु,* सबैलाई *देशबाट निकाल्नुभएको छ: त्यसैले...के तपाईले मेरो जीवनको निम्ति पासो बनाउनुहुन्छ,* र *मलाई मर्न दिनुहुन्छ?*

*र शाऊलले* जवाफ *दिए, उनलाई परमप्रभुको नाउँमा शपथ खाएको थियो, जीवित परमप्रभुको शपथ खाएर,* त्यहाँ *तिमीलाई* कुनै *दण्ड हुनेछैन...*

*त्यसपछि स्त्रीले भनिन्, मैले कसलाई ल्याऊ...तपाईलाई? र उसले भन्यो, मलाई शमूएल माथि ल्याऊ।*

*र जब स्त्रीले शमूएललाई देखे, उनी ठूलो स्वरमा कराईन्: ती स्त्रीले शाऊललाई, भनिन्, तपाईले मलाई किन धोका दिनुभयो? किनकि तपाई शाऊल हुनुहुन्छ।*

*राजाले उनलाई भने, नडरा: तिमीले के देखेको छौ? र स्त्रीले भनिन्* म...*शाऊललाई, मैले देवताहरु पृथ्वीबाट माथि उठिरहेको देखे।*

*र उसले उनलाई भन्यो, ऊ* कस्तो रूपको *थियो? उनले भनिन्, एउटा वृद्धा मानिस आउदै हुनुहुन्छ; र त्यो आवरणले छोपिएको छ। र* शमूएल...(त्यो अगमवक्ताको आवरण हो, पक्कै पनि। बुझ्नुभयो?)...*यो शमूएल थियो भनि बुझ्यो, र ऊ* खडा *भयो...र आफ्नो अनुहार भुइँमा, र आफैलाई झुक्यो।*

*शमूएलले शाऊललाई* भने, *तपाईले मलाई किन निराश बनाउनुभयो, र मलाई माथि* ल्याउनुभयो*? शाऊलले भने, र* भने, *म एकदमै दुखी छु;* किनभने *पलिश्तीहरुले म विरुद्ध लडाई गरे, र परमेश्वर* मबाट *टाढा जानुभयो, र मलाई* जवाफ दिनुभएन,

*न त* अगमवक्ताद्वारा, न *त* सपनाद्वारा: *त्यसैले मैले...*तपाईलाई *बोलाएको छु,* ताकी *मैले के गर्नुपर्छ भनि* मलाई *थाहा दिनुहोस्।*

र *त्यसपछि शमूएलले* भने, *किन...मलाई सोध्नुहोस्, परमप्रभु* तँबाट *टाढा जानुभयो, र—र तेरो शत्रु हुनुभएको छ?*

*र परमप्रभुले* उसलाई *गर्नुभएको छ, जस्तो उहाँले* मसंग *भन्नुभएको थियो: किनकि परमप्रभुले* तपाईको *हातबाट* आफ्नो *राज्य च्यात्नु भएको छ, र दाऊदलाई* पनि *दिनुभएको छ:*

94 अब, तपाईहरु धेरै, यससंग परिचित हुनुहुन्छ। अब हामी ठिक भित्र जान चाहन्छौ, र परमेश्वरले हामीलाई सहायता गर्नुहोस्, केहि क्षणको लागि, यसमा जानको लागि। अब हेर्नुहोस्। त्यहाँ एउटा मानिस थियो, शाऊल, जो कुनै समय अगमवक्ता मानिन्थ्यो, किनभने उनले अगमवक्ताहरुसंगै अगमवाणी बोलेका थिए। के त्यो सहि हो, शिक्षकहरु? अब, यहाँ त्यो मानिस पछाडि परेको थियो। के त्यो सहि हो? तर याद गर्नुहोस् जहाँ शमूएलले भनेका थिए कि म उनीसंग हुनेछु, अर्को दिनमा। समय नपुगी गएको छ, हेर्नुहोस्। ठिक छ, यदि तपाईले परमेश्वरलाई वास्ता गर्नुभएन भने, परमेश्वरले तपाईलाई पृथ्वीबाट निकाल्नुहुनेछ।

95 त्यहाँ कोरिन्थीको पत्रमा हेर्नुहोस्, कसरी पावलले ती मानिसहरुलाई व्यवस्थित बनाए। उसले भन्यो, "पहिलो, म परमेश्वरलाई तिम्रो लागि धन्यवाद दिन्छु, कि त्यहाँ तिमीहरुको माझमा त्यस्तो कुनै कुराहरु छैन, र त्यस्तै, र कसरी त्यो—कि तपाई कुनै आत्मिक वरदानबाट टाढा आउनुभएको छैन।" तिनीहरु ख्रीष्टमा, पदीय रूपमा, के थिए भनि। त्यसपछि उसले तिनीहरुमा हतौडा प्रहार गर्न थाल्यो, तिनीहरुलाई तिनीहरुको महिला प्रचारकहरुको बारेमा बताउन थाल्यो, र तिनीहरुले कसरी गर्दै थिए, र कसरी तिनीहरुले प्रभुको मेचमा खाएका थिए।

र एउटा मानिस पनि आफ्नो सौतेनी आमासंग बस्दैछ, र उसले ख्रीष्टमा यो मानिसलाई भन्यो, "यसलाई शैतानकोमा पारिदेऊ, शरीरको विनाशको निम्ति, ताकि प्राण बचाईएको होस्।" हेर्नुहोस्, त्यो नै हो, उसलाई फर्काउनुहोस्। बाइबलले भनेको छ, "यसै कारणले तिमीहरु मध्ये धेरै जना बिमार र कमजोर छन्, र धेरैजना सुतिरहेका छन्," पापको कारणले समय नपुगी गयो। परमेश्वरले तपाईलाई बाटोबाट बाहिर निकाल्नुभयो; यदि तपाईलाई लिईएको छ भने, तपाई इसाई हुनुहुन्थ्यो भन्ने राम्रो चिन्ह हो।

96 त्यसैले, अब यहाँ ध्यान दिनुहोस्, शाऊललाई अगमवक्ताहरु मध्ये एक मानिन्थ्यो, वा अगमवक्ताहरु मध्ये, किनभने उनले अगमवाणी गरे। र अब उनी पछि हटेका थिए, किनभने उनले परमेश्वरको अनाज्ञाकारिता गरेका थिए, र उनको राज्य उनको हातबाट च्यातियो र दाऊदको हातमा राखियो, जसलाई परमेश्वरले शमूएलद्वारा तेलको ढुङ्ग्रोले अभिषेक गर्नुभएको थियो।

97 ध्यान दिनुहोस्, त्यसोभए, त्यहाँ परमेश्वरबाट कुराहरु पत्ता लगाउने तिन तरिकाहरु थिए; पहिलो—अगमवक्ता थियो, दोस्रो सपना थियो, र तेस्रो थुम्मिमको उरीम थियो। र तिनीहरुले पनि जवाफ दिएनन्। अब, तपाईलाई थाहा छ अगमवक्ता के हो भनि, तपाईलाई थाहा छ आत्मिक सपना के हो भनि, र तपाईलाई थाहा छ कि थुम्मिमको उरीम के थियो भनि। तपाईलाई थाहा छ, अर्को दिन मैले एउटा—एउटा मानिसलाई उरीमको बारेमा के भनि सोधे, र त्यो मानिसले मलाई त्यो के थियो भनि भन्न सकेन, थुम्मिमको उरीम। निस्सन्देह, यो परमेश्वरले यी कुराद्वारा जवाफ दिनुभएको थियो। देख्नुभयो?

98 र शैतानले ती मध्ये हरेकको नक्कली बनाउँछ; जादूगर, झुटा अगमवक्ता, र क्रिस्टल ग्लेजर। देख्नुभयो?

अब, यहाँ, थुम्मिमको उरीम हारूनको छातीमा झुण्डिएको थियो, *यहाँ*, र थुम्मिमको उरीम त्यो ढुङ्गाहरु माथि झुण्डिएको थियो। र तिनीहरुले त्यो मन्दिरमा झुण्डाए। र जब तिनीहरु निश्चित थिएनन्, तिनीहरु परमेश्वरको अगाडि जान्छन्, जवाफमा, र थुम्मिमको उरीममा एउटा ज्योति चम्कने थियो, जुन, चाहे त्यो परमेश्वरको इच्छा थियो, या होइन। अब, जब थुम्मिमको उरीमले जवाफ दिदैन थियो...अब, त्यो परमेश्वरबाट सिधै जवाफ थियो।

अब, आजको थुम्मिमको उरीम; ज्योतिषीले एउटा क्रिस्टल बल लिए, त्यो ढाँचामा; एउटा झुटो कुरा। परमेश्वर त्रिएकमा हुनुहुन्छ; परमेश्वरको शक्तिहरु त्रिएकमा छ। र शैतान त्रिएकमा छ, र उसको शक्तिहरु त्रिएकमा छ। र म यसलाई बाइबलबाट प्रमाणित गर्नसक्छु। र त्यो उरीम र थुम्मिम,... मात्र त्यो क्रिस्टल बल थियो जुन शैतानले आज प्रयोग गर्दछ। र आज यहाँ पछाडि झुटो अगमवक्ता, जो हामीसंग अहिले छ, थियो, वा, बोक्सी, वा ज्योतिषी त्यहाँ बाहिर, अगमवक्ताको स्थान लियो, शैतानको पक्षमा। हेर्नुहोस् मेरो अर्थ के हो?

99 अब, त्यसोभए, आजको थुम्मिमको उरीम यो बाइबल हो। यदि कसैले अगमवाणी वा सपना दिएको छ, र त्यो परमेश्वरको बाइबलसंग तुलना वा प्रतिध्वनि गर्दैन भने, यो झुटो हो। यो विश्वास नगर्नुहोस्।

100 एकजना मानिस मकहाँ आए धेरै समय भएको छैन, भारतबाट, जहाँ म भर्खरै जाने तयारी गर्दैछु, एउटा राम्रो सानो प्रचारक। उसले भन्यो, "भाई ब्रन्हाम, म यहाँ आएको छु।" भनिन्, "एउटा स्त्रीमा पवित्र आत्मा थियो, र," भनिन्, "उनी केवल एउटा प्यारी, राम्री स्त्री थिईन्।" उसले भन्यो, "र उनी चार पटक विवाहित थिईन्, र उनको चौथो श्रीमानसंग बस्दै थिईन्। र मैले भने, 'ठिक छ, कसरी त्यो हुनसक्छ, प्रभु?'" र भनिन्, "म उहाँकहाँ गए र भने, 'ओ, परमेश्वरको महिमा होस्!' भन्नुभयो, 'हल्लेलुयाह! परमप्रभुको प्रशंसा होस्!'" केवल त्यो प्रकारको एउटा, तपाईलाई थाहा छ। "भने, 'हल्लेलुयाह! परमप्रभुको प्रशंसा होस्!'" भनिन्, "परमप्रभुले मलाई भन्नुभएको छ, 'यहाँ, म तिमीलाई एउटा सपना दिनेवाला छु।'" र भनिन्, "मैले सपनामा मेरी श्रीमतीलाई, उनी व्यभिचारमा बसेको देखे। र उनी फर्केर म कहाँ आईन् र भनिन्, 'ओ, के तपाई मलाई माफ गर्नुहुन्छ, भिक्टर? के तपाई मलाई माफ गर्नुहुन्छ? मैले गरिन...' 'किन,' मैले भने, 'पक्कै पनि, म तिमीलाई क्षमा दिनेछु र तिमीलाई फिर्ता लिनेछु।'" उसले भन्यो, "अब, मैले त्यहि नै गरे।" भन्यो, "हेर, म क्षमा दिन्छु।"

101 मैले भने, "विक्टर, तिम्रो सपना शक्तिशाली थियो, तर शैतानले तिमीलाई दियो।"

उसले भन्यो, "किन?"

102 मैले भने, "परमेश्वरको वचनसंग तुलना नगर्नुहोस्। उनी व्यभिचारमा जिईरहेकी छिन्। बिल्कुलै। उनी चारजना पुरुषसंग बस्न सक्दिनन्। सहि हो। उनले त्यो छोड्छिन् र पहिलोमा फर्किन्छिन्, उनी शुरू गरेको भन्दा खराब छिन्। उनी बाकि जीवनभर एक्लै जिउनुपर्छ।" मैले भने, "तपाईलाई थाहा छ कि परमेश्वरको वचनसंग तुलना नगर्नुहोस्। त्यसैले उनको...तिम्रो सपना झुटो थियो।" मैले भने, "यो योसंग तुलना हुदैन।"

103 र जब एउटा अगमवक्ताले एउटा अगमवाणी दिएको थियो, र तिनीहरुले बोलेका थिए, र यदि त्यो अगमवाणी सत्य हो भनि हेर्न चाहन्थे, तिनीहरुले त्यो थुम्मिमको उरीमको अगाडि राखे। र यदि परमेश्वरको आवाजले थुम्मिमको उरीममा ज्योति फालेको छ भने, त्यो निरपेक्ष थियो, सत्य थियो।

र यदि एउटा मानिसले व्याख्या दिन्छ, सपना दिन्छ, बाइबलबाट केहि कुरा दिन्छ, र, वा केहि अर्को कुरा दिन्छ, र यो परमेश्वरको बाइबलसंग तुलना गर्दैन, यो झुटो हो। त्यहाँ आज थुम्मिमको उरीम छ। परमेश्वरको वचन बोल्दछ, र त्यो परमेश्वरको आवाजलाई सिधा हो, जस्तो कि थुम्मिमको उरीम बाइबल लेख्नुभन्दा अगाडि थियो। आमेन! हाल्लेलुयाह! म अहिले एक प्रकारको धार्मिक महसूस गरिरहेको छु। यदि तपाई गर्नुहुन्छ भने, मलाई एउटा कट्टरपन्थी नलिनुहोस्। मलाई थाहा छ, मलाई थाहा छ म कहाँ छु। म उत्साहित छैन। त्यो सहि हो।

104 यहाँ सत्य छ, परमेश्वरको वचन! तपाईले कस्तो खालको सपना देख्नुभयो, वा कस्तो खालको अगमवाणी तपाईले दिनुभयो, यदि यो परमेश्वरको वचनमा छैन भने, यो गलत हो, यदि त्यो वचनसंग तुलना गर्नुहुन्न भने। आजको समस्या यहि हो। कसैसंग सपना छ, कसैसंग दर्शन छ, कसैसंग जिब्रो छ, कसैसंग प्रकाश छ; यसमा सबै कुरा यति गडबड भएको छ र सबैकुरा छ, तपाईले संगठित मण्डलीहरु पाउनुभयो र सबै कुरा टुक्राउनुभयो। तपाईले यसलाई अन्तिम जगमा फर्काएर ल्याउनुपर्छ, र त्यो परमेश्वरको वचन हो। त्यो सत्य हो।

105 मण्डलीहरु एउटा माथि बनेका छन्, भन्छन्, "ओ, येशू सेतो घोडामा आउदै हुनुहुन्छ। मलाई थाहा छ। मैले उहाँलाई दर्शनमा देखे।" तिनीहरुले त्यस प्रकारको मण्डली बनाउँछन्। "ओ, हाल्लेलुयाह! उहाँ बादलमा आउदै हुनुहुन्छ।" तिनीहरुले त्यस तरिकामा बनाउँछन्। तिनीहरुलाई तोड्नुहोस्, र अलग गर्नुहोस्, र एकअर्कालाई "बजारको बसोबास," र "लुज ह्यांगआउट," र त्यस्तै सबै कुरा बोलाउनुहोस्। किन, भाई, यो देखाउन जान्छ, पहिलो स्थानमा, तपाईको हृदय परमेश्वरसंग सहि छैन जब तपाईले त्यसो गर्नुहुन्छ। त्यो सहि हो। हामी दाजुभाईहरु हौ। हामी एक अर्कामा टाँसिनुपर्छ। हामीलाई एक अर्काको खाँचो छ।

106 अब हेर्नुहोस्। शाऊल झुटो थियो, र उनी माथि गए। उनी, परमेश्वरले, आफ्नो मुहार उनीबाट फर्काउनुभएको थियो। र उनी माथि गए र अगमवक्ताहरुसंग सोधपुछ गरे। अगमवक्ताहरु गए र अगमवाणी बोल्न खोजे, र परमेश्वरले काटिदिनुभयो, दर्शन दिनुभएन। अगमवक्ता बाहिर आए, भने, "म सक्दिन। होइन। उहाँले मलाई तपाईको बारेमा कहिल्यै पनि केहि भन्नुभएको छैन।"

107 ठिक छ, त्यसपछि उसले भन्यो, “प्रभु, मलाई एउटा सपना दिनुहोस्।” रात पछि रात, कुनै सपना आउदैन।

108 त्यसपछि ऊ थुम्मिमको उरीममा जान्छ, र उसले भन्यो, “ओ परमेश्वर! मैले अगमवक्ताहरुलाई जाँचेको छु, मैले सपनाहरु कोशिष गरे, अब तपाईले मलाई सहायता गर्नुहोस्। के तपाईले यो गर्नुहुनेछ?” केवल यसलाई काटियो, कुनै पनि बत्ती चम्केको थिएन।

109 त्यसपछि उनले एउटा बोक्सीको सहारा लिए, निम्न, अपमानित। र ऊ उनीकहाँ गयो, र त्यहाँ घिस्रियो र आफै भेषमा आयो। र यो बोक्सी बाहिर जान्छ र शमूएलको आत्मालाई बोलाउँछ।

110 अब, मलाई थाहा छ तपाईले के सोचिरहनुभएको छ। धेरैले भने, “त्यो शमूएल थिएन।” तर बाइबलले यो शमूएल थियो भनि भन्छ, र यो शमूएल थियो। तपाईले त्यो कसरी समात्नुहुन्थ्यो त्यो अनौठो छ, होइन र? तर त्यो शमूएल थियो। थियो भनि बाइबलले भनेको छ।

111 र त्यस बोक्सीले उनलाई बोलाउन सक्थिन्, र उनले शमूएललाई बोलाइन्। र शमूएल कतै थिए, तर के भईरहेको छ भन्ने कुरामा सचेत थिए, र अझै पनि आफ्नो अगमवक्ताको आवरण उनीमाथि उभिरहेको थियो। त्यसैले, भाई, जब तपाई मर्नुहुन्छ, तपाई मरेको हुनुहुन्न, तपाई कहिँ, कतै जिउदै हुनुहुन्छ।

112 मलाई केवल एक मिनेटको लागि रोक्न दिनुहोस्, यो प्रेतात्माशास्त्रलाई थोरै तल ल्याउनको लागि। उनी एउटा दुष्ट थिईन्, तर उनी आत्मिक संसारसंग नजिकको सम्पर्कमा थिईन्। अब, आज, त्यहाँ धेरै अध्यात्मवादी छन् जसले आफैलाई इसाई हुँ भनि दाबी गर्ने मानिसहरु भन्दा आत्मिक संसारको बारेमा वास्तवमै बढि जान्दछन्, यद्धपि उनी एउटा दुष्ट हो। बाइबलको समयमा पनि यहि नै थियो।

113 जब येशू यहाँ पृथ्वीमा हुनुहुन्थ्यो, त्यहाँ तिनीहरु प्रोफेसरहरु र विद्वानहरु र शिक्षकहरु थिए, त्यहाँ केहि उत्कृष्टहरु थिए, आज हामीले उत्पादन गर्न सक्ने भन्दा राम्रो सेमिनारीहरुबाट। र पवित्र, प्रख्यात मानिस, तिनीहरु हुनुपर्थ्यो। यदि एउटा लेवी भेटियो भने, ऊ निर्दोष, सबै तरिकामा धार्मिक भेटिन्थ्यो। र यद्धपि त्यो मानिसले परमेश्वरको बारेमा खरायोलाई हिउँको जुत्ताको बारेमा जत्ति जान्दछ। जब येशू आउनुभयो, उनले उहाँलाई

चिन्न सकेनन्, र उनले येशूलाई "शैतान" भने। उहाँले भन्नुभयो, "ऊ बालजिबुल हो, शैतानको राजकुमार।" के त्यो सहि हो?

114 र यहाँ तल्लो खालको दुष्टात्मा आयो, जसको एउटा मानिस बाहिर चिहानमा बाँधिएको थियो, र सबै कुरा, र तिनीहरुले बोलाए। शैतान आफैले भन्यो, "हामीलाई थाहा छ तपाई को हुनुहुन्छ। तपाई परमेश्वरको पुत्र हुनुहुन्छ, एक पवित्र हुनुहुन्छ।" के त्यो सहि हो? बोक्सी र जादूगर, दुष्टले, उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनि चिने; शिक्षित हुँदा, धर्मशास्त्रीय सेमिनारी प्रचारकहरुले उहाँ बालजिबुल हुनुहुन्छ भनि पहिचान गरे। कुन सहि थियो, शैतान वा प्रचारक? शैतान थियो। र, भाई, यो आज पनि धेरै परिवर्तन भएको छैन। तिनीहरुले परमेश्वरको शक्तिलाई चिन्दैनन्।

115 चाहे तपाईले जतिसुकै शिक्षा दिनुभयो, तपाईले त्यो आफैमा बजाउन सक्नुहुन्छ। परमेश्वर ठूलो शब्दमा हुनुहुन्न। परमेश्वर इमानदार हृदयमा हुनुहुन्छ। तपाई यहाँ खडा हुनसक्नुहुन्छ, ठूला शब्द बोल्न सक्नुहुन्छ, जस्तो कि मलाई थाहा छैन के, त्यसले तपाईलाई परमेश्वरको नजिक ल्याउन सक्दैन। तपाई खडा भएर कसरी आफ्नो प्रवचन दोहोर्याउने र यी कुराहरु भन्नको अभ्यास गर्न सक्नुहुन्छ, जसले तपाईलाई परमेश्वरको नजिक ल्याउन सक्दैन। तपाईले शब्दकोष सिक्न सक्नुहुन्छ जबसम्म तपाई एउटासंग सुत्नुहुन्न, र यसले अझै पनि तपाईलाई परमेश्वरको नजिक ल्याउन सक्दैन। एउटा नम्र, समर्पित हृदय, सरलतामा, त्यसले नै तपाईलाई परमेश्वरमा ल्याउछ। र त्यो सत्य हो। आमेन! एउटा नम्र हृदय, परमेश्वरले प्रेम गर्नुहुन्छ। अब, चाहे तपाईलाई आफ्नो एबिसी थाहा छैन, त्यसले केहि फरक पार्दैन। केवल एउटा नम्र हृदय! परमेश्वर नम्र हृदयमा वास गर्नुहुन्छ; न शिक्षामा, होइन यो विद्यालयमा, होइन धर्मशास्त्रमा, होइन सेमिनारीमा, होइन यी सबै अन्य भिन्न ठाउँहरुमा; ठूला शब्दहरुमा होइन, वा शास्त्रीय स्थानहरुमा होइन। परमेश्वर मानव हृदयमा वास गर्नुहुन्छ। र जति तल तपाईले आफैलाई तोड्न सक्नुहुन्छ, त्यति नै सरल, तपाई परमेश्वरको नजरमा ठूलो बन्न सक्नुहुन्छ।

116 मलाई तपाईलाई केहि दिन दिनुहोस्। म तपाईको खेतहरु गहुँले भरिएको देख्छु यहाँ बाहिर। गहुँको भरिएको शिर सधै झुक्छ। एउटा सानो पुरानो टहनी त्यहाँ माथि टाँसिरहन्छ, र सबै कुरा थाहा भएको जस्तो गरी चारैतिर लडिरहेको छ, यो टाउकोमा छैन। धेरै जसो केटाहरुको यहि नै

तरिका हो यद्धपि, तिनीहरुको टाउकोमा धेरै कुराहरु छन् भनि सोचेका छन्, र तिनीहरुको हृदयमा केहि पनि छैन। एउटा पवित्र शिर झुक्नेछ शक्तिमा, येशू ख्रीष्टलाई परमेश्वरको पुत्रको रूपमा चिन्नुहोस्, र उहाँका कामहरु विश्वास गर्नुहोस्।

117 "र उहाँ उस्तै हुनुहुन्छ, हिजो।" ओ, तिनीहरुले उहाँलाई चिनेका छन्, पक्कै पनि, ऐतिहासिक दृष्टिकोणबाट। तर यो इतिहासको कुरा होइन। मानिसहरु उठ्छन् र भन्छन्, "ओ, म पेन्टिकोष्टलाई विश्वास गर्छु, जब तिनीहरुमा ठूलो वर्षा र त्यस्तै कुराहरु थिए," र आगोमा रंग लगाउने। चिसो मानिसलाई रंगिएको आगोले न्यानो पार्न सक्दैन। चित्रित आगो न्यानो हुदैन। त्यहि नै तिनीहरु थिए। यदि उहाँ हिजो, आज र सधैभरि एकसमान हुनुहुन्छ भने, आज के हो? त्यो चित्रित आगो हो। चिसोले मर्ने कोहि साथी, भन्छन्, "हेर तिनीहरुसंग भएको ठूलो आगो।" किन, त्यसले तपाईलाई न्यानो पार्दैन।

118 जे तिनीहरुले पेन्टिकोष्टमा गरेका थिए, के तिनीहरुसंग प्रारम्भिक नियममा थियो, हामीले आज पाएका छौं! र जसै परमेश्वरले त्यस कुरालाई फलामबाट निकाल्न सक्नुहुन्छ, र मण्डली एकसाथ बस्छ, र्याप्चर आउनेछ। तर हामीले ईश्वरीय चंगाईको लागि विश्वास समेत पाउनसक्दैनौ, र्याप्चरलाई त छोडिदिनुहोस्, किनभने हामी सबै बडबडिएका छौ, एउटा *यो* बाटो र अर्को *त्यो* बाटो। "डाक्टरले *यस्तो–र–यस्तो* भन्यो यो *यो* थियो। ठिक छ, मेरो प्रचारकले उहाँ *यो* हुनुहुन्छ भन्नुभयो।"

119 केहि समय अगाडि, एउटी महिलाले भनिन्, "ऊ केवल एउटा झुटो व्यक्ति हो।" भन्यो, "मेरो पुजारीले मलाई त्यसो भनेको थियो।" म चाहन्छु कि उनको पुजारी यहाँ एकपटक आउनुभएको होस्, हामीले देख्थ्यौ कि को झुटो हो। हो। हामी हेर्नेछौ कि को झुटो हो। आउनुहोस् प्रयास गर्नुहोस्।

120 यहाँ धेरै समय भएको छैन, हार्लिंगेन, टेक्सासमा, हामीले त्यहाँ सेवा गरिरहेका थियौ। र तिनीहरुसंग ठूला चिन्हहरु थिए, सबै कारहरुमा त्यो रात जब म त्यहाँ गए, उसले भन्यो कि FBI त्यहाँ मलाई एउटा झुटोको रूपमा पर्दाफास गर्न आएको थियो। त्यसैले एउटी सानी केटि टेक्सासमा कतै निको भएको थियो। उनी माथि थिईन्, र, मलाई––मलाई लाग्छ, लगभग एक हजार मिलको दूरीमा, पानह्यान्डलको वरपर माथि। र यो तल हार्लिंगेनमा थियो, तल सिमानामा। भाई ब्याक्सटर आउनुभयो, भन्नुभयो,

"भाई ब्रन्हाम," भन्नुभयो, "तपाईले कहिल्यै पनि त्यस्तो अव्यवस्था तल देख्नुभएको छैन, लगभग चार वा पाँच हजार मानिसहरु।" र भनिन्, "र त्यसपछि, चारैतिर, एफबीआईले तपाईलाई मंचमा आज राति समात्नेछ, र तपाईको पर्दाफास गर्नेछ।"

मैले भने, "ठिक छ, म पक्कै पनि त्यसमा खुसी छु।"

121 भनिन्, "तिमीलाई थाहा छ त्यो सानी केटि जो अर्को रात निको भएकि थिईन्?"

122 म त्यहाँबाट घर आउदै थिए...मेरो कोठामा जादै थिए। मैले केहि रोएको सुने, र चारैतिर हेरे। मैले सोचे कि शायद कसैले आक्रमण गरेको होला। त्यो केटि थिईन्। र मैले पछाडि फर्केर हेरे। मैले भने...र म फर्केर गए, मैले भने, "के भयो, म्याडम?" र त्यहाँ दुइटा सानी केटिहरु उभिरहेका थिए, लगभग सत्र, अठार वर्षका, प्रत्येक, तिनीहरुका अँगालोहरु एकअर्काको वरपर रोईरहेका थिए।

123 भन्यो, "भाई ब्रन्हाम!" मैले थाहा पाए तब तिनीहरुले मलाई चिने। भनिन्, "हामी, मैले उनलाई यहाँ तल ल्याए।" भनिन्, "उनी पागल संस्थामा जानुपर्छ।" र सानी केटि लुब्बोक, टेक्सासमा मेरो भेटमा थिईन्। र भनिन्, "मलाई थाहा थियो यदि मैले उनलाई यहाँ तल ल्याएको भए र तपाईले उनको लागि प्रार्थना गर्नुभयो भने, म विश्वास गर्छु कि परमेश्वरले उनलाई निको पार्नुहुनेछ।"

124 ठिक छ, मैले सोचे, "कस्तो विश्वास!" र मैले भने, "ठिक छ, अब, बहिनी, के तपाईले उहाँलाई पाउन सक्नुहुन्छ..." र भर्खरै मैले भने, "तपाई यहाँ तल पहेलो रोडस्टरमा आउनुहुन्छ, होइन र?"

भन्यो, "हो!"

र मैले भने, "तिम्रो आमा अवैध हुनुहुन्छ।"

उनले भनिन्, "त्यो सहि हो।"

मैले भने, "तपाई मेथोडिष्ट मण्डलीको हुनुहुन्छ।"

उनले भनिन्, "यो वास्तवमै सत्य हो।"

125 र मैले भने, "तलको सडकमा, तपाई लगभग पल्टनुभयो। तपाई र यो केटि हाँस्दै हुनुहुन्थ्यो जब तपाई वरपर आउनुभयो जहाँ यो आधा कंक्रीट र आधा डामरको थियो, र तिमीले मोडिदै थियौ।"

उनले भनिन्, “भाई ब्रन्हाम, त्यो सत्य हो!”

मैले भने, “र, **परमप्रभु यसो भन्नुहुन्छ**, केटि निको भएकि छिन्।”

126 अर्को दिन उनले शहरमा आगो लगाईरहेकी थिईन्, सबैलाई भनिरहेकी थिईन्, यसको बारेमा वरपर जाँदै। अवश्य पनि, तिनीहरुले उनलाई त्यहाँ चिनेका थिएनन्, चाहे उनी त्यो अवस्थामा थिईन् या नहोस्। र त्यस दिन म...भाई ब्याक्सटरले भने, “भाई ब्रन्हाम,” भनिन्, “तिनीहरु केटिहरु तल त्यहाँ आफ्नो सुटकेसहरु भरिरहेका छन्।” र यो एउटा कुरा हो जुन उसलाई थाहा थिएन जुन मलाई थाहा थियो। हाम्रो आर्थिक अवस्था कमजोर भईसकेको थियो। मैले उसलाई कहिल्यै पनि यसको बारेमा बोल्न दिन्न। तर ती मध्ये एकजना केटिले त्यो भन्दा एक रात पहिले—नौ सय डलर त्यो भेटिदानमा राखेकी थिईन्, र त्यो वित्तलाई शीर्षमा राख्नुहोस्। अब, उसलाई थाहा थिएन, आजको दिनसम्म उसलाई थाहा छैन, तर मलाई यो थाहा थियो। देख्नुभयो? कि म...परमेश्वरले मलाई भन्नुभएको थियो यो सबै ठिक हुनेछ।

127 र भाई ब्याक्सटरले भन्नुभयो, “भाई ब्रन्हाम,” भन्नुभयो, “तपाईले मलाई अलिकति तान्न दिनुभए राम्रो हुन्छ।” भन्यो, “तिनीहरुसंग यी मध्ये केहि यहाँ ईश्वरीय चंगाईकर्ताहरु छन् जसले केवल यी मानिसहरुलाई तानेका छन्।”

128 मैले भने, “केहि छैन। होइन, श्रीमान। तपाईले यो गर्नुहुन्न। भाई ब्याक्सटर, जब पनि तपाईले त्यसरी पैसाको लागि तान्नु हुन्छ, त्यो समय हो तपाई र मैले दाजुभाईको रूपमा एकअर्कासंग हात मिलाउने, म एक्लै जानेछु।” देख्नुभयो? मैले भने, “तिमीले त्यसो नगर।” मैले भने, “हजार डाँडामा भएका गाईवस्तुहरु परमेश्वरको हुनुहुन्छ, र सबैकुरा उहाँकै हो। म उहाँको हुँ। उहाँले मेरो ख्याल राख्नुहुनेछ।”

उहाँले भन्नुभयो, “ठिक छ।”

129 र त्यहि रात उहाँले भन्नुभयो, “भाई ब्रन्हाम, यहाँ हेर्नुहोस्। कोहि... यहाँ हेर्नुहोस्! यहाँ एउटा खाम छ, यसमा कुनै नाम छैन, यसमा नौ सय डलरको बिल छ। ठ्याक्कै के हामीले समात्न आवश्यक छ।”

मैले भने, “भाई ब्याक्सटर।”

उहाँले भन्नुभयो, “मलाई क्षमा दिनुहोस्।”

130 त्यसैले त्यसपछि मलाई थाहा भयो कि यो त्यो केटि थिईन्। त्यसैले त्यसपछि—तब अर्को दिन, भाई ब्याक्सटरले भन्नुभयो, "भाई ब्रन्हाम, तिनीहरु तल त्यहाँ आफ्ना लुगाहरु खोलेर रुदै छन्।"

मैले भने, "के भयो?"

भन्यो, "तिमी तल गएर तिनीहरुलाई हेर्ने बेस हुन्छ।"

131 म तल कोठामा गए जहाँ तिनीहरु थिए। मैले भने, "कुन कोठामा तिनीहरु छन्?" म त्यहाँ तल गए र ढोका ढकढकाए। मैले तिनीहरु रोएको सुने। मैले ढोका ढकढकाए, र केटि ढोकामा आईन्, उनले भनिन्, "ओ, भाई ब्रन्हाम, म क्षमा चाहन्छु।" उनले भनिन्, "मैले तिमीलाई यो सबै समस्या दिएको हुँ।"

मैले भने, "समस्या? के भयो, बहिनी?"

उनले भनिन्, "ओ, तिमी पछि मैले एफबिआई पाएको छु।"

र मैले भने, "ओ, के त्यो सहि हो?"

132 भन्यो, "हो।" भनिन्, "मलाई लाग्छ मैले आज शहरको चारैतिर धेरै गवाहि दिए, र सबै कुरा।"

मैले भने, "होइन।"

133 र उनले भनिन्, "भाई ब्रन्हाम, एफबीआई त्यहाँनिर छ, त्यहाँनिर छ, आज राति तपाईलाई पर्दाफास गर्न जाँदैछ।"

134 मैले भने, "ठिक छ, यदि म—यदि मैले केहि गलत गरिरहेको छु भने, म पर्दाफास गर्न आवश्यक छ।" देख्नुभयो? मैले भने, "पक्कै पनि। यदि सुसमाचार प्रचारलाई पर्दाफास गर्न आवश्यक छ भने, ठिक छ, यो गरौ।" देख्नुभयो? मैले भने, "म—म—म यो बाइबलद्वारा जिउदछु, र यस बाइबलले के भन्दैन...यो मेरो प्रतिरक्षा हो, ठिक यहाँ।" देख्नुभयो? र मैले भने, र उसले...

उनले भनिन्, "ठिक छ," भनिन्, "मैले जे गरे त्यो गरेकोमा म माफी चाहन्छु।"

मैले भने, "तपाईले कहिल्यै केहि गर्नुभएन, बहिनी।"

उनले भनिन्, "ठिक छ, के तिमी त्यहाँ जान डराउदैनौ?"

र मैले भने, "होइन।"

उनले भनिन्, “ठिक छ, एफबिआई त्यहाँ छ।”

135 मैले भने, “ठिक छ, मैले तिनीहरुलाई मेरो सभामा पहिले नै आएको थिए र तिनीहरु बचाईए।” मैले भने, “श्रीमान. अल फरार…”

136 कप्तान अल फरार, तपाईहरु मध्ये धेरैलाई थाहा छ उहाको ट्याकोमा, वाशिंगटनमा भएको परिवर्तनको बारेमा थाहा छ, बचाईएको थियो, ठिक तल एउटा सुटिङ ग्यालरीमा। सभामा आउनुभयो, उहाँले भन्नुभयो, “मैले यो मानिसलाई दुई वर्षसम्म पछ्याए। र मैले वित्तको बारेमा सुने, र मैले यो हेरेको छु, र जतातते गएको छु।” र भन्यो, “यो सत्य हो, तपाईले आज राति एउटा कट्टरपन्थीलाई सुनिरहनुभएको छैन, तपाईले सत्यलाई सुन्दै हुनुहुन्छ।” भन्नुभयो, “पुलिस बलमा भएका मध्ये एकजना, कि मैले डाक्टरले बच्चालाई हेरेर प्रार्थनाको लाईनबाट पठाएको थिए,” र भन्नुभयो, “बच्चालाई उसमा के गलत छ ठिक ठ्याक्कै भनिएको थियो, र त्यसमा के भएको थियो। र भनिन्, ‘आठ दिनमा यो फर्केर विद्यालय आउनेछ,’” एउटा पोलियोको मामिला थियो। र भनिन्, “आठौ दिनमा बच्चा फेरी विद्यालय गयो।” भन्नुभयो, “मैले उसलाई दुई वर्षसम्म पछ्याए,” दस हजार मानिसहरुको अगाडि। त्यहाँ यो सबै छ…त्यहाँ यसको तस्बिर छ, सिएटलको सभा, भित्र—तपाईको पुस्तकमा। उसले भन्यो, “तिमीहरु सबैले यो थाहा पाएको म चाहन्छु कि तपाईले कुनै धार्मिक चराको कुरा सुनिरहनुभएको छैन। तपाईले सत्य सुन्दै हुनुहुन्छ।” कप्तान अल फारार। र अर्को दिन मैले उसलाई परमेश्वरमा ल्याए, र उसले पवित्र आत्माको बप्तिष्मा पाए, एउटा सुटिङ ग्यालरीमा, तल ठूलो ठाउमा।

मैले भने, “शायद यो केटाले पनि त्यस्तै गर्नेछ।”

त्यसैले उनले भनिन्, “के तिमी त्यहाँ जान डराउछौ?”

137 मैले भने, “डराएको? किन, पक्कै पनि होइन। पक्कै पनि होइन। परमेश्वरले मलाई यो गर्न पठाउनुभएको बेलामा म किन डराउनुपर्छ? उहाले लडाई लड्नुहुन्छ, म होइन।” त्यसैले मैले भने, “अब, म तपाईहरु सबै टाढा बस्न चाहन्छु।” र त्यसैले…

138 हामी त्यो रात सभामा गयौ, त्यो ठाउँ खचाखच भरिएको थियो। र त्यहाँको संरक्षक बाहिर आयो, भन्यो, “आदरणीय ब्रन्हाम, मैले दस मेक्सिकन छोराछोरीलाई काममा राखेको छु।” भन्यो, “यहाँ हेर्नुहोस्, ‘रेभरेन्ड ब्रन्हामलाई आज राति एफबीआईले पर्दाफास गर्नेछ, एउटा कट्टर

धार्मिक,'" वा केहि त्यस्तै खालको। र भन्यो, "यो ती सबै कारहरुमा छ। बाहिर तान्नुहोस्..." भनिन्, "मैले दस साना मेक्सिकन केटाकेटीलाई काममा लिए, ती सबैलाई निकालेर यहाँ राख्नेछु।" भन्यो, "ओ, मलाई लाग्छ यदि मैले त्यो केटालाई समातेको भए!"

139 मैले भने, "चिन्ता नगर्नुहोस्, श्रीमान। परमेश्वरले त्यसलाई पक्रनुहुनेछ।" देख्नुभयो? मैले भने, "उसलाई एक्कै छोडिदिनुहोस्।"

140 त्यसैले उहाँ आउनुभयो। र त्यो रात जब हामी भित्र आउछौ, म यो कहिल्यै भुल्न सक्दिन, कोठामा गए। म...भाई ब्याक्सटरले *ओन्ली बिलिभ* गाए। उहाले भन्नुभयो, "अब, भाई ब्रन्हामले आज राति भवनबाट बाहिर निस्किनको लागि भन्नुहुन्छ।" भन्यो, "म पछाडिको छेउमा फर्केर गएर बस्नेछु।" उसले भन्यो, "तिनीहरुले उसलाई आजराति यहाँ मंचमा पर्दाफास गर्ने तयारी गरिरहेका छन्।" उसले भन्यो, "मैले उसलाई धेरै कठिन लडाईहरुमा देखेको छु, र परमेश्वरले उसको स्थान लिनुभएको देखेको छु।" भनिन्, "म—म फर्केर बस्नको लागि जाँदैछु।"

141 म माथि गए। मैले भने, "मैले यहाँ केवल एउटा सानो लेख पढिरहेको थिए जहाँ म आज राति यहाँ मंचमा पर्दाफास हुनेथियो।" मैले भने, "म एफबीआई एजेन्टहरु अगाडि आएर मलाई यहाँ मंचमा पर्दाफास गरेको चाहन्छु।" मैले भने, "म यहाँ सुसमाचारको पक्षमा उभिरहेको छु; तपाई आएर मलाई पर्दाफास गरेको म चाहन्छु।" मैले प्रतिक्षा गरे। मैले भने, "शायद तिनीहरु अझै यहाँ छैनन् होला।" म कहाँ छु भनि मलाई थाहा थियो। उहाले मलाई माथि मेरो कोठामा देखाउनुभएको थियो, के हुन जाँदै थियो, म छोड्नुभन्दा अगाडि, तपाईले देख्नुभयो। र मैले भने, मैले भने, "शायद म केवल थोरै प्रतिक्षा गर्नेछु। के हामीले एउटा भजन गाउन सक्छौ?" र कोहि आए र एउटा एकल गीत गाए।

142 मैले भने, "श्रीमान। एफबीआई एजेन्ट, तपाई भित्र वा बाहिर हुनुहुन्छ? म खुलासा हुनको लागि पर्खिरहेको छु। के तपाई अगाडि आउनुहुन्छ?" कोहि आएनन्। यो कहाँ थियो भनेर म सोचिरहे। यो के थियो त्यो प्रभुले मलाई भन्नुभयो। यो दुई तर्कसंगत प्रचारकहरु थिए, र म—मैले हेरिरहेको थिए। मैले कुनामा झुण्डिरहेको कालो छाया देखे। मलाई थाहा थियो त्यो कहाँ थियो भनि। मैले त्यहाँ माथि हेरे, र यो ठिक माथि सर्यो र माथि ग्यालरीमा यसरी गयो। निलो सुटमा एउटा मानिस, एकजना खैरो सुटमा।

143 मैले भने, “साथीहरु, त्यहाँ कुनै एफबिआई छैन। एफबीआईको बाइबल प्रचारसंग के सरोकार छ?” मैले भने, “पक्कै पनि होइन। तिनीहरु दुईटा एफबीआई एजेन्टहरु थिएनन् जसले मलाई पर्दाफास गरे। तर, यहाँ एक्सपोजर छ, त्यहाँ तिनीहरु ठिक त्यहाँ माथि बस्छन्, ती दुई जना प्रचारकहरु ठिक त्यहाँ बस्छन्।” र तिनीहरु तल आए। मैले भने, “त्यसरी तल ननिस्क।” र ती मध्ये दुईवटा ठूला टेक्सासहरु त्यहाँ माथि जान लागेका थिए र तिनीहरुलाई समात्नेवाला थिए। मैले भने, “होइन, दाजुभाईहरु, यो मासु र रगतको मामिला होइन, केवल स्थिर बस्नुहोस्। परमेश्वरले त्यसको ख्याल राख्नुहुनेछ।”

144 मैले भने, “अब, दाजुभाईहरु, हेर्नुहोस्, जब तपाई त्यहाँ माथि हुनुहुन्छ, यो तर्फी हेर्नुहोस्।” मैले भने, “यदि...तपाईले म सिमोन हुँ भनि भन्नुभयो, बोक्सीको अधीनमा, मैले मानिसहरुलाई मोहित पार्दै थिए।” मैले भने, “यदि म सिमोन जादूगर हुँ भने, तपाई परमेश्वरको मानिस हुनुहुन्छ। अब तपाई तल यो मंचमा आउनुहोस्। र यदि म सिमोन जादूगर हुँ भने, परमेश्वरले मलाई प्रहार गरिदिनुहोस्। र यदि म परमेश्वरको अगमवक्ता हुँ भने, तपाई तल आउनुहोस् र परमेश्वरले तपाईलाई मार्न दिनुहोस्। अब हामी हेर्नेछौ को सहि र गलत को हो। अब तपाई तल आउनुहोस्। हामी एउटा भजन गाउनेछौ।” त्यो भवनबाट तिनीहरु निस्किए, र त्यसपछि हामीले तिनीहरुलाई कहिल्यै देखेका छैनौ। देख्नुभयो? मैले भने, “आउनुहोस्। यदि म सिमोन जादूगर हुँ भने, परमेश्वरले मलाई प्रहार गर्न दिनुहोस्। र यदि म परमेश्वरको अगमवक्ता हुँ भने, तब परमेश्वरले तपाईलाई मार्नुहुनेछ जब तपाई यस मंचमा आउनुहुन्छ। यदि म परमेश्वरको अगाडि सत्य हुँ भने, परमेश्वरले तपाईलाई यस मंचमा मर्न दिनुहुनेछ।” तिनीहरुलाई राम्रोसंग थाहा थियो। त्यो सहि हो। तिनीहरुलाई राम्रोसंग थाहा थियो। तिनीहरुले अरु ठाउहरुबाट सुनेका थिए। त्यो सहि हो। त्यसैले कहिल्यै नसोच्नुहोस् तर के परमेश्वर अझै पनि परमेश्वर हुनुहुन्छ भनि सोच्नुहोस्। उसले जवाफ दिन्छ।

145 अब, यो एन–डोरको बोक्सी, उनले शमूएलको आत्मालाई बोलाए। र शाऊलले शमूएलसंग कुरा गरे। अब, तपाई सोच्न सक्नुहुन्छ कि यो कसरी गर्न सकिन्छ। यो आज गर्न सकिदैन। होइन, श्रीमान। किनभने, गोरु र बोकाहरुको रगत केवल पूरा हुने समयको प्रतिक्षा थियो। जब ती दिनहरुमा एउटा मानिस मरे...प्रचारकहरु, यदि तपाईलाई यो सहि हो भनि लाग्छ भने

मलाई ब्याक अप गर्नुहोस्। जब एउटा मानिस मर्यो, ऊ पशुको प्रायश्चित अन्तर्गत मर्यो, र उसको प्राण प्रमोदवनमा गयो। र त्यहाँ उनी तबसम्म बसे, मुक्तिको—दिनसम्म। र उनको प्राण त्यहाँ भित्र थियो।

146 म तपाईलाई यहाँ सानो तस्बिर खिच्न दिनुहोस्। कतिजनाले मेरो लेख पढ्नुभएको छ, वा लेख तिनीहरुले मेरो बारेमा यहाँ *रिडर्स डाइजेस्टमा* लेखेका थिए, लगभग अक्टोबर, नोभेम्बरको अंकमा? ठिक छ। के तपाईले ध्यान दिनुभयो त्यो कस्तो थियो? के तपाईले ध्यान दिनुभयो, लगभग दुई वा तिन हप्ता अगाडि, यो महान प्रसिद्ध माध्यम यहाँ जुन धेरै समय पहिले देखि नै कोशिष गरिएको छ, उहाँ, मिस पाइपर। के कसैले कहिल्यै त्यो पढ्नुभएको छ, *रिडर्स डाइजेस्टमा* मिस पाइपरको लेख? के यो अनौठो छैन कि कसरी ती दुई आत्माहरु...

147 मसंग कति समय छ? होइन तर थोरै मात्रै। म बिस पछिको छु, केवल म हतार गर्नुपर्छ। मलाई थाहा छ तपाईले पाउनुभएको छ...हेर्नुहोस्, मलाई एक मिनेटको लागि माफ गर्नुहोस्।

148 तपाईलाई थाहा छ, त्यहाँ—त्यहाँ झुटो छ। त्यहाँ सबै कुरामा एउटा सत्य र एउटा झुटो छ। यदि मैले तपाईलाई एउटा डलर दिए, र मैले भने, "के यो राम्रो डलर हो?" र तपाईले यसलाई हेर्नुहुन्छ, यो लगभग वास्तविक डलर जस्तो देखिनुपर्दछ अन्यथा तपाईले यो विश्वास गर्नुहुन्न। के त्यो सहि हो? त्यसैले यो वास्तवमै राम्रो नक्कल हुनुपर्छ।

149 र यदि येशूले अन्तिम दिनहरुमा दुइटा आत्मा भन्नुभयो भने यति नजिक हुनेछ कि यदि सम्भव छ भने, धार्मिक मानिसहरु, चुनिएकाहरुलाई धोका दिनेछ। अब याद गर्नुहोस्। अब, त्यहाँ केहि पनि छैन तिनीहरुमा पुरानो सह–...को–चिसो, औपचारिक। बाहिर तिनीहरुसंग केवल ईश्वरभक्तिको एउटा रूप छ, तपाईले देख्नुहुन्छ। तर यी दुई आत्माहरु, वास्तविक आत्माहरु, यति नजिक हुनेछन् कि यसले चुनिएकाहरुलाई धोका दिनेछ, कसरी तिनीहरुले अन्तिम दिनहरुमा संगै संगै काम गरिरहेका थिए। के येशूले त्यो भन्नुभयो? उहाँले गर्नुभयो।

150 अब हेर्नुहोस्, मित्रहरु, म तपाईलाई एउटा सानो तस्बिर बनाउन जाँदैछु। एक मिनेटको लागि तपाईले यहाँ हेर्नुभएको म चाहन्छु। र मलाई तपाईको अविभाजित ध्यान दिनुहोस्, किनकि म तपाईलाई एउटा दृष्टान्त दिन जाँदैछु, र त्यसपछि तपाईले यो देख्नुहुनेछ।

151 अब, *रिडर्स डाइजेस्टमा*, यो त्यहाँ माथि लेखियो, म त्यहाँ बाहिर उभिरहेको थिए, हामीसंग सत्ताईस सय जना मानिसहरु प्रार्थनाको लागि पर्खिरहेका थिए, त्यहाँ बाहिर उभिरहेका थिए। तपाईले लेख पढ्नुहोस्। र एउटा मानिस क्यानाडाबाट आयो, र उनको एउटा सानो केटा थियो जो मायोस र जोन्स हप्किन्समा गएको थियो, एउटा गम्भीर मस्तिष्कको रोग जसले उसको साना हातहरु *यसरी* तान्छ, र आफ्नो खुट्टा त्यसको मुनि माथि तान्छ। र तिनीहरुले भने, "त्यहाँ शल्यक्रिया समेत छैन वा केहि गर्न सकिदैन।"

152 त्यसैले उनले यसलाई क्यानडा फर्काएर लगे। उसले भन्यो, "म अझै पनि कोर्रा मारेको छैन।" तपाईले *रिडर्स डाइजेस्टको* नोभेम्बरको अंक पाउनुहुन्छ, र यसलाई—द—*द मिराकल अफ डोनी मोर्टन* भनिन्छ। र—र त्यसपछि भन्यो कि, त्यहाँ भित्र, कि—जुन मानिसले भन्यो, "म अझै पनि कोर्रा मारेको छैन, किनभने म विलियम ब्रन्हाम नाम गरेको विश्वास चंगाईकर्तालाई चिन्छु, जसले मेरा दुईजना साथीहरु जो बोल्न र सुन्न बहिरा थिए।"

153 र तिनीहरुले म कहाँ थिए पत्ता लगाउनको लागि बोलाए, अझै—पनि अमेरिकामा। र म कोस्टा मेसा, क्यालिफोर्नियामा थिए। र यो एउटा लेख हो, जब तपाई यसलाई पढ्नुहुन्छ, रुनको लागि तयार हुनुहोस्। यसले केवल तपाईको हृदय तोड्नेछ। कसरी उनी हिउँबाट भएर गए, र सबै कुरा, त्यो बच्चासंग! उसले भन्यो, "होसियार, डोन्नी।" भन्यो, "अब, हामी हारेका छैनौ।" र सानो केटा मुस्कुराउन समेत सक्दैन थियो, शायदै, ऊ यति धेरै पिडित थियो। भनिन्, "हामी हारेका छैनौ, हामी परमेश्वरलाई माग्नेछौ। हामी परमेश्वरको अगमवक्ता कहाँ जानेछौ र उहाँलाई सोध्नेछौ।"

154 त्यसैले तिनीहरु हिउँबाट भएर आउछन्। र तिनीहरु अन्ततः त्यहाँ तल आए, र आमा तिनीहरुसंग आउदै हुनुहुन्थ्यो, र तिनीहरुसंग हवाईजहाजबाट जानको लागि पर्याप्त पैसा थिएन, त्यसैले तिनीहरुले आमालाई फर्काएर पठाए। र केटा र बुवा एउटा बसमा आउनुपर्ने थियो, र कसरी तिनीहरु विन्निपेग, क्यानडाबाट सबै बाटोमा सवार भए, कोस्टा मेसा, क्यालिफोर्नियामा। र तिनीहरु त्यहाँ भित्र पसे, टुटेको, र बुवाले त्यसमा भएको सानो डायपर परिवर्तन गर्नुपर्यो भनि भन्नुभयो, लगभग सात वा आठ वर्षको सानो केटा, पूर्ण रूपमा असहाय। र कसरी उसले...खाने र

केहि गर्ने मौका नै पाएन, र उसको सानो केटाले केवल उसले बोलेको सुन्न पाएको थियो। र उसले आफ्नो आँखाले हेरेको तरिका बताउन सक्छ, कि ऊ—उनी मुस्कुराउन कोशिष गर्दै थिए, तपाईलाई थाहा छ। र थाहा छ कि उनी...उहाँले अमेरिकामा, उनले देखेका विभिन्न दृश्यहरु बताउथे।

